# प्रभाव दैनिक
National Daily

वर्ष १३ | अंक ११६ | काठमाडौं | सोमबार, ०१ भदौ २०८३ | Prabhab National Daily | Monday, 17 August 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५ |-



**सूचनाको हक: नागरिकको मौलिक अधिकार**

- सार्वजनिक सरोकारका सूचना प्राप्त गर्नु नागरिकको अधिकार हो,
- सार्वजनिक सरोकारका सूचना उपलब्ध गराउनु राज्यको दायित्व हो,
- सही, तथ्यपरक र आधिकारिक सूचना आदान-प्रदान गरौं,
- सार्वजनिक निकायमा कानुनबमोजिम सूचना अधिकारी तोक्ने गरौं,
- डिजिटल प्रविधिको प्रयोग गरी सूचनामा नागरिकको पहुँच विस्तार गरौं,
- प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुन्छ, तर कानुन बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पार्न मिल्दैन ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# जाजरकोटमा पहिरोले लियो चार जनाको ज्यान

## पहिरोबाट प्रभावित ३०० जनाभन्दा बढीको उद्धार

■ प्रभाव संवाददाता



**काठमाडौं–** जाजरकोटमा पहिरोले चार जनाको ज्यान लिएको छ । शनिबार दिउँसोदेखि परेको अविरल वर्षापछि भेरी नगरपालिका-२ जाजरकोट रिसाङमा पहिरो जाँदा उनीहरूको मृत्यु भएको हो ।

पहिरोमा पुरिएका सोही नगरपालिकाको चिसापानीका ७० वर्षीय भीमबहादुर कार्की, ८३ वर्षीया रति खत्री र ५४ वर्षीया उमासिंह खत्रीको शव फेला परेको प्रहरीले जानकारी दिएको छ । पहिरोमा परी घाइते भएका सोही नगरपालिका-२ साल्धाराका ५२ वर्षीय केदार कार्कीको उपचारको क्रममा मेडिकल कलेज कोहलपुरमा मृत्यु भएको सशस्त्र प्रहरी बल नेपालका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिए ।

गैरीगाउँका १४ वर्षीय हरिस विकको अवस्था यो समाचार तयार पार्दासम्म अज्ञात छ । उक्त पहिरोमा पुरिएका ६२ वर्षीय रामबहादुर शाही, ४५ वर्षीय सिद्धिबहादुर कामी, ५८ वर्षीया कमला कार्की, २३ वर्षीया अनिता कार्की, १० वर्षीय युनिस शाही, ४५ वर्षीया सुन्तली चदरा र ६१ वर्षीया भद्रकला कार्की घाइते भएका छन् । घाइतेमध्ये रामबहादुर र भद्रकलाको अवस्था गम्भीर रहेको जानकारी दिइएको छ । उनीहरूलाई उपचारका लागि नेपालगञ्ज र सुर्खेत पठाइएको छ ।

पहिरोमा बेपत्ता भएकाको खोजी गर्न नेपाली सेनासहित सशस्त्र प्रहरी निरीक्षक कमल कार्कीको नेतृत्वमा विपद् व्यवस्थापन तालिम प्राप्त सशस्त्र प्रहरी र नेपाल प्रहरीको संयुक्त टोली आइतबार बिहानै त्यसतर्फ परिचालन भएका थिए ।

क्रमशः पृष्ठ २ मा

## पश्चिम नेपालका पहिरो प्रभावित क्षेत्रमा भौगर्भिक अध्ययन गरिने

**काठमाडौं–** सरकारले पश्चिम नेपालका पहिरो प्रभावित क्षेत्रमा भौगर्भिक अध्ययन गर्ने भएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा आइतबार बसेको मनसुन प्रतिकार्य कमाण्ड पोस्टको बैठकले रोल्पाको थवाङ र सुनछहारी गाउँपालिका, बाजुराको त्रिवेणी नगरपालिका र जाजरकोटको भेरी नगरपालिकाका पहिरो प्रभावित क्षेत्रको प्रारम्भिक भौगर्भिक अध्ययन गर्ने निर्णय गरेको हो ।

कमाण्ड पोस्टले प्राधिकरणको नेतृत्वमा सम्बन्धित निकायका प्रतिनिधि सहभागी अध्ययन टोली तीन दिनभित्र कार्यस्थलमा खटाउने निर्णय गरेको छ । उक्त टोलीमा जल तथा मौसम विज्ञान विभागका प्रतिनिधिसमेत सहभागी हुने छन् ।

### रोल्पा, जाजरकोट र बझाङमा उद्धार, राहत तीव्र बनाउन निर्देशन

मनसुनजन्य विपद्का कारण विभिन्न जिल्लामा जनधनको क्षति बढिरहेका बेला मनसुन प्रतिकार्य कमाण्ड पोस्टले खोज, उद्धार, राहत...

क्रमशः पृष्ठ २ मा

# देउवा समूह पश्चगमनतिर, हिन्दूराष्ट्रको कित्तामा उभियो

- पाँचबुँदे घोषणापत्र जारी गर्दै सकियो देउवापक्षको राष्ट्रिय सम्मेलन
- पार्टीलाई हिन्दूराष्ट्रको दिशामा लैजानेगरी निर्णय
- 'हिन्दू राष्ट्र' शब्दले महत-निधिबीच मञ्चमै लफडा
- देउवाले दोहोऱ्याए- 'म हिन्दू हुँ'
- राजसंस्थाप्रति देउवा 'सकारात्मक'
- संस्थापन पक्षले प्रतिवाद गर्ने



■ जेबी योञ्जन

**काठमाडौं–** नेपाली कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवापक्षको राष्ट्रिय सम्मेलनले पार्टीलाई हिन्दूराष्ट्रको दिशामा लैजानेगरी निर्णय गरेको छ । सम्मेलनको निर्णयमा 'हिन्दूराष्ट्र' शब्द भने स्पष्ट रूपमा उल्लेख गरिएको छैन । तर, 'सनातन धर्मलाई राष्ट्रिय पहिचानका रूपमा अघि बढाउने' प्रतिबद्धता जनाइएको छ ।

नेता शंकर भण्डारीले प्रभावसँग भने, 'शब्द भिन्न भए पनि यसको सीधा अर्थ हिन्दूराष्ट्र भनिएको हो ।'

सम्मेलनले जारी गरेको पाँचबुँदे घोषणापत्रमा उक्त शब्द प्रस्ट रूपमा राख्न देउवानिकट नेता डा. प्रकाशशरण महतले खोजेका थिए । नेता विमलेन्द्र निधिले गम्भीर आपत्ति जनाए । त्यस क्रममा महत र निधिबीच मञ्चमै लफडा भयो । उनीहरूबीच कागजात खोसाखोस नै भएको थियो । यो दृश्य सामाजिक सञ्जालहरूमा आइतबार दिउँसोदेखि नै 'भाइरल' बनेको छ । निधिको आपत्तिपछि सनातन धर्मलाई राष्ट्रिय पहिचानका रूपमा अघि बढाउने भन्दै घुमाउरो भाषामा हिन्दूराष्ट्रको पक्षमा उभिने निर्णय गरेको हो ।

सम्मेलनमा देउवाले पनि आफू हिन्दू भएको पटक-पटक दोहोऱ्याए । अर्थात् हिन्दू धर्मप्रतिको प्रतिबद्धतामा आफू अडिग रहेको उनको सन्देश थियो । त्यसअघि उनले संवैधानिक राजसंस्थाबारे पनि सकारात्मक अभिव्यक्ति दिएका थिए । गत २९ साउनमा उनले भने, 'मैले संवैधानिक राजसंस्था मानेकै थिएँ ।'

यी दुई अभिव्यक्तिले कांग्रेसको देउवा समूह राजनीतिकरूपमा पश्चगमनतिर फर्किन थालेको टिप्पणी हुन थालेको छ । गणतन्त्र र धर्मनिरपेक्षतालाई स्वीकार गरेको कांग्रेसभित्रै अहिले राजसंस्था र हिन्दूराष्ट्रको बहस बलियो बनेको छ । यसले पार्टीको आगामी राजनीतिक दिशामाथि गम्भीर प्रश्न उठाएको छ ।

जबकि, राजसंस्था नेपालको राजनीतिक इतिहासको विषय बनिसकेको छ । २०६२/६३ को दोस्रो जनआन्दोलनपछि नेपाल गणतन्त्रमा प्रवेश गरेको थियो । तर, देउवा आफूले विगतमा संवैधानिक राजसंस्था स्वीकार गरेको बताएका छन् । उनको यो भनाइले देउवा विगतको राजसंस्थाप्रति सकारात्मक रहेको दर्शाउँछ, जसकारण देउवाको यस्तो अभिव्यक्ति अर्थपूर्ण छ ।

किनकि तत्कालीन राजा ज्ञानेन्द्र शाहकै प्रत्यक्ष शासनकालमा देउवा पक्राउ परेका थिए । उनलाई जेलसमेत पठाइएको थियो । त्यतिबेला देउवा नेपाली कांग्रेस प्रजातान्त्रिकमा थिए । गोपालमान श्रेष्ठले पार्टीको नेतृत्व सम्हालेका थिए । ज्ञानेन्द्रले करिब १८ महिना प्रत्यक्ष शासन गरे ।

क्रमशः पृष्ठ २ मा

## संस्थापनको गम्भीर आपत्ति

नेपाली कांग्रेसको संस्थापनपक्षले इतरपक्षको राष्ट्रिय सम्मेलनबाट पारित गरेको राजनीतिक प्रतिवेदनका विषयप्रति गम्भीर आपत्ति जनाएको छ । पार्टी प्रवक्ता देवराज चालिसेले आइतबार पार्टी केन्द्रीय कार्यालय सानेपामा पत्रकार सम्मेलन आयोजना गर्दै प्रतिवाद गर्ने चेतावनी दिए ।

'त्यहाँ (इतरपक्षको सम्मेलनमा) गरिएका काम र बोलिएका कुरालाई नजिकबाट हामी हेरिरहेका छौं, यसका पछाडि केही छ कि भनेर विश्लेषण हुने काम पनि भइहाल्छ,' उनले भने, 'त्यसमा पार्टीले के गर्ने भन्ने कुरामा कतिपय सावधानी अपनाउने कुरा हो, कतिपय हामी रणनीतिक तरिकाले इन्काउन्टर गरौंला, नबोलेरै ।'

उनले देउवापक्ष हिन्दूराष्ट्रको पक्षमा उभिने कदमबारे सभापति थापाले भने धारणा सार्वजनिक गर्ने पनि बताए । यसैबीच सभापति गगन थापाले आफ्नो राजनीतिक करिअरकै सर्वाधिक निन्दा पछिल्ला तीन दिनमा भएको भन्दै असन्तोष जनाए ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

# आजदेखि देशभरका म्यानपावर बन्द

## संवादबाट समस्याको निकास निकाल्ने सरकारको जवाफ

■ ममता थापा

**काठमाडौं–** नीतिगत सुधारको माग गर्दै आन्दोलनमा उत्रिएका वैदेशिक रोजगारी व्यवसायीहरूले आजदेखि सबै काम कारबाही बन्द गर्ने भएका छन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघले आजदेखि देशभरका इजाजतपत्र प्राप्त संस्था (म्यानपावर)को सबै काम कारबाही बन्द हुने जानकारी दिएको हो ।

व्यवसायीहरूकोतर्फबाट दिइएको १५ बुँदे माग सम्बोधनका लागि सरकारले ठोस कदम नचालेकाले पूर्वघोषित कार्यक्रमअनुसार आजदेखि सबै काम ठप्प पार्ने संघको भनाइ । संघले सरकारलाई नीतिगत सुधारका लागि दबाब दिने उद्देश्यले साउन २२ गते राति १२ बजेदेखि वैदेशिक रोजगारीमा श्रमिक पठाउनका लागि श्रम स्वीकृति लिने काम बन्द गरेको थियो । यसबीचमा वैदेशिक रोजगार विभागमा धर्ना दिने, कालोपट्टी बाँधेर काम गर्नेलगायतका शान्तिपूर्ण कार्यक्रम आयोजना गरेर सरकारलाई दबाब दिने काम संघले गरेको थियो । तर सरकारले आफूहरूको मागको कुनै सुनुवाइ नगरेपछि थप संघर्षमा उत्रन बाध्य भएको संघका प्रथम उपाध्यक्ष एवं संघर्ष समितिका संयोजक महेशकुमार बस्नेतले बताए । सरकारकोतर्फबाट निकास नआउँदासम्म आन्दोलन नरोकिने उनको भनाइ छ ।

क्रमशः पृष्ठ २ मा



आइतबार राति १२ बजेदेखि कुनै पनि उडान नगर्ने भनेर यसअघि नै सबै व्यवसायीलाई भनिसकेका छौं । आजदेखि सबै कार्यालय बन्द गरेर काम कारबाही, उडान सबै रोकिन्छ ।

■ **महेशकुमार बस्नेत**
संयोजक, संघर्ष समिति



शुक्रबार व्यवसायीहरूसँगको कुराकानी सकारात्मक भएको छ । सोमबार ११ बजे पनि छलफलमा बोलाएका छौं । यही छलफलबाट समस्या टुंग्याउने प्रयास गर्छौं ।

■ **पिताम्बर घिमिरे**
प्रवक्ता, श्रम मन्त्रालय

### 'व्यवसायीहरूसँग संवादमै छौं, चाँडै निकास निकाल्छौं'

म्यानपावर नै बन्द गरेर वैदेशिक रोजगार व्यवसायीहरू आन्दोलनमा उत्रिएपछि सरकारले व्यवसायीसँग संवाद थालेको छ । युवा, श्रम तथा रोजगार मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेले व्यवसायीसँग निरन्तर संवादमै रहेको र चाँडै समाधान निकालिने बताए ।

'शुक्रबार उहाँहरूसँगको कुराकानी सकारात्मक भएको छ । सोमबार ११ बजे पनि छलफलमा बोलाएका छौं,' घिमिरेले भने, 'यही छलफलबाट यो टुंग्याउने प्रयास गर्छौं । बेलुकीसम्म एउटा समाधानमा पुग्छौं ।' व्यवसायीका माग धेरै रहेकाले चारबद्धरूपमा कार्यान्वयन गर्दै जाने उनको भनाइ छ । 'उहाँहरूका धेरै माग छन् । ती मागहरू कार्यान्वयन हुने चरणमै छ भनेर उहाँहरू जानकार हुनुहुन्छ ।

क्रमशः पृष्ठ २ मा

## प्रगतिशील मञ्चको अध्यक्षमा पुनः रावल



**काठमाडौं (प्रस)–** प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालको अध्यक्षमा जनक रावल पुनः निर्वाचित भएका छन् । मञ्चको छैटौं महाधिवेशनबाट २० सदस्यीय कार्यसमिति निर्विरोध चयन भएको हो ।

अध्यक्ष पदमा उम्मेदवारी दिएका मञ्चका निवर्तमान महासचिव मिलन कट्टेल र संघका निवर्तमान तृतीय उपाध्यक्ष वैकुण्ठ पौडेलले उम्मेदवारी फिर्ता लिएपछि रावल निर्विरोध भएका हुन् । उपाध्यक्षमा दलवीर भण्डारी, डण्डपाणि भट्टराई र सरिता घले निर्वाचित भएका छन् । महासचिवमा सोमबहादुर तामाङ, उपमहासचिवमा शिवहरी मैनाली, सचिवमा अर्जुन बुढा मगर र जनक पौडेल निर्वाचित भएका छन् ।

क्रमशः पृष्ठ २ मा


**सम्पूर्ण इजाजतवाला संस्थाहरूलाई अत्यन्त महत्वपूर्ण आह्वान**

आदरणीय व्यवसायीज्यूहरू,

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको मिति २०८३ श्रावण ७ गते सम्पन्न बृहत व्यवसायी भेलाको म्यान्डेट तथा सोहीअनुसार श्रावण २२ गते पत्रकार सम्मेलन मार्फत घोषणा गरिएको चरणबद्ध संघर्षका कार्यक्रम बमोजिम यसअघि पूर्व-अन्तिम श्रम स्वीकृति, नयाँ विज्ञापन तथा भिसा स्ट्याम्पिङ रोक्दै, जारी श्रम स्वीकृति भएका श्रमिकको उडानका लागि दिइएको समयसीमा समाप्त भएको छ । अतस् भोलि भदौ १ गतेदेखि देशभरका मुख्य तथा शाखा कार्यालयहरु समेत बन्द गरी वैदेशिक रोजगार सम्बन्धी सम्पूर्ण काम-कारोबार तथा श्रमिकको उडान पूर्ण रुपमा बन्द गर्न गराउन सम्पूर्ण इजाजतवाला संस्थाहरूलाई सूचित गरिन्छ ।

यो संघर्ष कुनै व्यक्ति, समूह वा तत्कालीन लाभ-हानिको विषय नभई हाम्रो पेशागत अस्तित्व, सम्मान अधिकार र दीर्घकालीन भविष्यसँग जोडिएको निर्णायक अभियान हो । सरकार, मन्त्रालय, विभाग तथा सम्बन्धित निकायसँग समाधानका लागि संवाद, समन्वय र वार्ताका ढोकाहरु खुला राख्दै निरन्तर पहल भइरहेको छ र संघ समाधानका लागि निरन्तर प्रयासरत रहनेछ । तर, हाम्रा जायज मागहरूको ठोस सम्बोधन, निर्णय र कार्यान्वयनको विश्वसनीय आधार नआएसम्म संघर्ष फिर्ता वा स्थगित गरिने छैन । त्यसैले कुनै पनि इजाजतवाला संस्थाले व्यक्तिगत सुविधा, तत्कालको लाभ वा अन्य कुनै बहानामा संघको निर्णयलाई कमजोर पार्ने गरी काम-कारोबार नगर्न नगराउनु हुन स्पष्ट रुपमा आह्वान गर्दछौं ।

संघको आह्वान र निर्णयको अवज्ञा गरी लुकिछिपी वा वैकल्पिक माध्यमबाट कार्यलय वा कारोबार सञ्चालन गर्ने कुनै पनि संस्था वा व्यवसायीको सम्बन्धमा संघले आवश्यक अभिलेख राखी त्यस्ता संस्थालाई निकट भविष्यमा संघबाट आवश्यक सहयोग, संरक्षण तथा संस्थागत साथ उपलब्ध नहुने र यस संघर्षको अन्त्यमा आयोजना हुने व्यवसायीहरूको बृहत् समीक्षा भेलाबाट आवश्यक निर्णय तथा कारबाहीको प्रक्रिया अगाडि बढाइनेछ । अतः यस संघर्षलाई सामान्य कार्यक्रमका रुपमा नलिई व्यवसायिक क्षेत्रको शुद्धीकरण, पेशागत सम्मान र सुरक्षित भविष्य निर्माण गर्ने निर्णायक लडाइँका रुपमा ग्रहण गरी संघको निर्णयको पूर्ण पालना गर्न गराउन सम्पूर्ण इजाजतवाला संस्थाहरुमा हार्दिक आह्वान गर्दछौं ।

हिरा बहादुर डाँगी (हरि)
महासचिव

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
सिफल -७, काठमाडौं, फोन नं. ०१-४५२०२६९/४५२४४१८

## पृष्ठ १ बाट क्रमशः

## देउवा समूह...

माओवादी सशस्त्र युद्धमा थियो । सात राजनीतिक दल भने लोकतान्त्रिक आन्दोलनमा थिए । ज्ञानेन्द्रले दमन बढाएपछि सात दल र माओवादी नजिकिए । अन्ततः १९ दिने जनआन्दोलन भयो । त्यही आन्दोलनले राजतन्त्रको अन्त्य गऱ्यो । नेपाल संघीय लोकतान्त्रिक गणतन्त्र बन्यो । देउवा गणतन्त्रपछि दुईपटक प्रधानमन्त्री भए । जो गणतन्त्र स्थापना गर्ने प्रमुखमध्येका एक नेता हुन् । कांग्रेसले संघीय लोकतान्त्रिक गणतन्त्रलाई आफ्नो राजनीतिक दस्तावेजमा स्वीकार गरेको छ । धर्मनिरपेक्षतालाई पनि कांग्रेसले स्वीकार गरेको छ ।

त्यसैले अहिले देउवाबाट राजसंस्थाप्रति सकारात्मक अभिव्यक्ति आउनु सामान्य विषय होइन । झन् जेन-जी विद्रोहपछि उनको राजनीतिक परिस्थिति बदलिएको देखिन्छ । विद्रोहका क्रममा देउवामाथि गम्भीर आक्रमण भएको थियो । त्यसपछि उनी उपचारका लागि सिंगापुर गए । सिंगापुरबाट हङकङ हुँदै स्वदेश फर्किए । त्यसपछि उनको सार्वजनिक अभिव्यक्तिमा राजसंस्था र हिन्दू धर्मको विषय बढी मुखर बनेको छ । यसले देउवा समूह पुरानो राजनीतिक व्यवस्थाका केही एजेण्डातर्फ फर्किन खोजेको देखिएको छ ।

कांग्रेस नेता भण्डारीका अनुसार कांग्रेसले ढिलो भए पनि सही निर्णय गरेको छ । यसले सम्मेलनको निर्णयलाई सामान्य सांस्कृतिक प्रस्तावभन्दा राजनीतिक एजेण्डाका रूपमा व्याख्या गर्ने आधार दिएको उनले बताए ।

### हिन्दूराष्ट्रको अभियान पुरानै

कांग्रेसभित्र हिन्दूराष्ट्रको माग अहिलेमात्र उठेको होइन । २०८० सालको महासमिति बैठकमा नेता भण्डारीको नेतृत्वमा हिन्दूराष्ट्रका पक्षमा हस्ताक्षर अभियान चलेको थियो । त्यतिबेला एक हजार ६१ महासमिति सदस्यले हस्ताक्षर गरेका थिए । अभियानका सहसंयोजक लोकेश ढकालले ४२ जना केन्द्रीय सदस्यलेसमेत हस्ताक्षर गरेको दाबी गरेका थिए ।

संकलित हस्ताक्षर तत्कालीन सभापति देउवालाई बुझाइएको थियो । महासमिति परिसरमै ब्यानर राखेर अभियान चलाइएको थियो । हिन्दूराष्ट्रलाई बैठकको एजेण्डा बनाउन माग गरिएको थियो । तर, तत्कालीन सभापति देउवाले त्यसलाई औपचारिक छलफलमा प्रवेश गराएनन् । महासमितिका ११ वटा निर्णय सार्वजनिक हुँदा हिन्दूराष्ट्रको विषय समावेश भएन ।

यसअघि २०७५ सालको महासमिति बैठकमा पनि हिन्दूराष्ट्रका पक्षमा हस्ताक्षर अभियान चलेको थियो । त्यतिबेला ७१४ महासमिति सदस्यले हस्ताक्षर गरेका थिए । २२ जना केन्द्रीय सदस्यले पनि समर्थन गरेको दाबी गरिएको थियो । तर, कांग्रेसले त्यसलाई पार्टीको औपचारिक नीति बनाएन । नेपालको संविधानको धारा ४ ले नेपाललाई धर्मनिरपेक्ष संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य मानेको छ । धारा २६ ले धार्मिक स्वतन्त्रताको हक सुनिश्चित गरेको छ । कांग्रेसले यही संवैधानिक व्यवस्थालाई स्वीकार गरेको छ । अब त्यही पार्टीभित्र सनातन धर्मलाई राष्ट्रिय पहिचान बनाउने प्रस्ताव आएको छ ।

संविधान संशोधनको क्रममा यो विषयलाई बहसमा लैजानुपर्ने तर्क पनि उठेको छ । जनमत संग्रह वा अन्य लोकतान्त्रिक विधिबाट निर्णय गर्न सकिने भनिएको छ ।

■■■

## संस्थापनको ...

उनले कांग्रेस र यसका मान्यतालाई वैचारिक बहसभन्दा बढ्ता व्यक्तिका पेवाजसरी चित्रित गर्न खोजिएकामा आफूलगायत नयाँ पुस्ताले यस्तो गर्न नदिने घोषणा गरे । देउवा समूहको सम्मेलनमा आफ्नो आलोचनापछि थापाले भने, 'बिपी, गणेशमानलाई कसैको घरभित्र कैद गर्न हुँदैन । आफ्नो पदीय स्वार्थअनुकूल उहाँहरूका विचारलाई व्याख्या गर्नु अनुचित हो ।'

■■■

## जाजरकोटमा...

उक्त पहिरोबाट आठ घरमा क्षति भएको जानकारी दिइएको छ ।

### सेनाद्वारा ३०० जनाको उद्धार

नेपाली सेनाले भेरी नगरपालिका-२ रिसाङ इलाकामा गएको पहिरोबाट प्रभावित ३०० जनाभन्दा बढीको उद्धार गरेको जनाएको छ । पहिरोपीडितको खोज तथा उद्धारका लागि भवानीदल गणबाट खटिएको टोलीले अन्य सुरक्षा निकाय तथा स्थानीयको सहकार्यमा आइतबार उनीहरूको उद्धार गरी सुरक्षित स्थानमा पठाइएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

■■■

## पश्चिम नेपालका...

तथा पुनःस्थापनाका कामलाई थप प्रभावकारी बनाउन सम्बन्धित निकायलाई निर्देशन दिइएको प्राधिकरणले जनाएको छ । ती जिल्लामा पहिरोबाट भएको क्षतिप्रति गम्भीर चासो व्यक्त गर्दै प्रभावित परिवारलाई तत्काल राहत उपलब्ध गराउन र उद्धार कार्यलाई तीव्रता दिन आग्रह गरिएको छ ।

बैठकले विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१ अनुसार प्रारम्भिक द्रुत लेखाजोखाका आधारमा प्रभावित परिवारलाई नगद वा वस्तुगत राहत, मृतक राहत तथा घाइतेको निःशुल्क उपचार उपलब्ध गराउन सम्बन्धित जिल्ला प्रशासन, जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तहलाई अनुरोध गरेको छ । त्यस्तै, विपद्बाट क्षतिग्रस्त परिवारका लागि अस्थायी आवास निर्माण तथा निजी आवास प्रवलीकरण, पुनर्निर्माण र पुनःस्थापनाको अनुदान प्रक्रिया तत्काल अघि बढाउन पनि निर्देशन दिइएको छ ।

अत्यावश्यक सेवा तत्काल सञ्चालन गर्न आग्रह

बैठकले पहिरो तथा बाढीका कारण अवरुद्ध भएका सडक, खानेपानी, सिँचाइलगायत अत्यावश्यक सेवा तत्काल मर्मत गरी सञ्चालनमा ल्याउन सम्बन्धित निकायलाई निर्देशन दिएको छ । त्यसैगरी नदी कटान तथा पहिरो नियन्त्रण, प्रभावित परिवारलाई स्वास्थ्योपचार र मनोसामाजिक परामर्श उपलब्ध गराउने तथा स्थानीय तहले पहिचान गरेका अन्य आवश्यक कामलाई प्राथमिकताका साथ अघि बढाउन भनिएको छ । *रासस*

■■■

## आजदेखि देशभरका...

'आइतबार राति १२ बजेदेखि कुनै पनि उडान नगर्ने भनेर यसअघि नै सबै व्यवसायीलाई भनिसकेका छौं । आजदेखि सबै कार्यालय बन्द गरेर काम कारबाही, उडान सबै रोकिन्छ,' उनले भने, 'यसबीचमा सरकारसँग सामान्य समन्वय भएको छ । तर ठोस निर्णय नआउञ्जेल हाम्रो आन्दोलन रोक्दैनौं ।'

संघले गत साउन ७ गते आयोजना गरेको व्यवसायी भेलामा सहभागीहरूले यस्तो प्रतिकूल अवस्थामा व्यवसाय सञ्चालन गर्न नसकिने बताएका थिए । व्यवसाय बन्द गरेर सरकारलाई आफ्ना माग राख्न व्यवसायीहरूको माग थियो । भेलाको म्याण्डेटबमोजिम संघले अन्तिम प्रक्रियामा रहेका श्रमिकमात्र पठाउन व्यवसायीलाई आह्वान गर्दै सरकारलाई आफ्ना माग सम्बोधन गर्न १५ दिने अल्टिमेटम दिएको थियो । विशेषगरी वैदेशिक रोजगार विभागको कारबाहीले आक्रान्त भएको व्यवसायीले बताएका थिए । तर त्यहीबीचमा विभागले थप ३९ र १२४ वटा म्यानपावर कम्पनीलाई कारबाही गरेपछि व्यवसायीहरू थप रुष्ट भएका थिए । सोही सन्दर्भमा संघले पत्रकार सम्मेलन गरेर भदौ १ गतेदेखि वैदेशिक रोजगारसम्बन्धी कुनै पनि काम नगर्ने घोषणा गरेको थियो ।

यद्यपि, केही व्यवसायीहरूले भने संघको आह्वानविपरीत विज्ञापन प्रकाशन गर्ने, अन्तर्वार्ता सञ्चालन गर्ने पाइएको थियो । संघले काम गर्दा उत्पन्न हुने अवस्थाको जिम्मेवारी सम्बन्धित व्यवसायीले लिनुपर्ने बताउँदै आएको छ । अन्दोलनलाई थप सशक्त बनाउन तृतीय उपाध्यक्ष लक्ष्मण पौडेलको संयोजकत्वमा १० वटा उपसमिति पनि गठन गरिएको संघले जनाएको छ । संघमा आबद्ध घटक, जातीय तथा क्षेत्रीय संघसंस्थाका १०१ जना व्यवसायी राखेर अनुगमन समिति गठन गरिएको संघर्ष समितिका संयोजक बस्नेतले बताए । आजदेखि अनुगमनलाई तीव्र पारिने र संघको निर्णय विपरीतका गतिविधि गरे कारबाही गरिने उनको भनाइ छ ।

संघको आन्दोलनमा नेपाल स्वास्थ्य व्यवसायी महासंघ, नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघ, वैदेशिक रोजगार व्यवसायी संघ रूपन्देही, जनकपुर र कास्की, वैदेशिक रोजगार इथिकल ओरियन्टेसन राष्ट्रिय संघलगायत विभिन्न संस्थाले ऐक्यबद्धता जनाएका छन् ।

■■■

## व्यवसायीहरूसँग...

जायज माग सम्बोधन हुनुपर्छ भन्ने हामीले पनि चाहेको हो । दुई-चार दिन ढिलोचाँडो हुनसक्छ,' प्रवक्ता घिमिरेले भने ।

व्यवसायीहरूले राख्दै आएको कारबाही फिर्ताको विषय कानुनी पाटो भएकाले व्यवसायीले बुझ्नपर्ने उनको भनाइ छ । सेवा शुल्क निर्धारण गर्नेसम्बन्धी प्रतिवेदनलाई अन्तिम रूप दिने काम भइरहेको पनि प्रवक्ता घिमिरेले जानकारी दिए ।

■■■

## प्रगतिशील...

नयाँ कार्यसमितिका सदस्यमा राजेन्द्रसिं ठगुन्ना, ओमप्रकाश गुप्ता, सुवास सुनार, जगन्नाथ अधिकारी, सुरज धिताल, रुवी लम्साल, युवराज ढकाल, विष्णुप्रसाद आचार्य, युवराज देवकोटा, रविन घिमिरे, तिलकध्वज कट्टेल र कृष्णभक्त श्रेष्ठ चयन भएका छन् ।


### भूल सुधार सम्बन्धमा

यस मुक्तिनाथ कृषि कम्पनी लि. को मिति २०८३/०४/३० गते प्रभाव राष्ट्रिय दैनिकमा प्रकाशित Unaudited Financial Results 4th Quarter मा प्रति शेयर कमाई (वार्षिक) ०.३८ र मूल्य/आम्दानी अनुपात २९११.०८ हुने पर्नेमा अन्यथा भएकोले भूल सुधार गरिएको छ ।

मुक्तिनाथ कृषि कम्पनी लि.
MUKTINATH KRISHI COMPANY LTD.
An Associate Company of Muktinath Bikas Bank

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक सूचना प्रकाशित मिति : २०८३/०५/०१**

यस कम्पनीको मिति २०८३/०४/१९ को साधारण सभा र विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी **पि.भिजन ईन्जिनियरिङ सोलुसन** को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०२/१२ गतेको निर्णयानुसार नाम परिवर्तन गरी **पाइकन टेक्नोलोजी** (प्रा.लि.नं. २०३२४८) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### कम्पनीको दर्ता खारेजी गरिएको सूचना

प्रकाशित मिति २०८३/०५/०१ गते

यस कार्यालयमा मिति २०६६/०८/०१ मा दर्ता भएको **ब्ल्याक डाइमन्ड इन्डष्ट्री प्राइभेट लिमिटेड (प्रा.लि.नं. ६७७२६)** नामक कम्पनीले दर्ता खारेज गरी पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हकदावी**को लागि **३५** दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**
**सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त **श्री Mobhira Overseas Service Pvt. Ltd. (ई.प.न. ८३/०५३/५४)** को तपसिल बमोजिमका संचालकहरू/शेयरधनीको मृत्यु भएकाले निजको नाममा कायम रहेको शेयरहरू हक हस्तान्तरण गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेनादेनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित मितिले ३५ (पैंतीस) दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभाग**मा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| साविकको शेयरधनीहरुको नाम | अव कायम हुने शेयरधनीहरुको नाम |
|---|---|
| १. मोहनाथ शर्मा (०१- ५०,०००) | १. ध्रुवप्रसाद शर्मा सुवेदी (१-५०,०००) |

### स्वैच्छिक खारेजीमा रहेको कोमल देवी एण्ड सन्स प्रा. लि. को लिक्विडेटर द्वारा जारी गरिएको हक दावि सम्बन्धी सूचना

यस **कोमल देवी एण्ड सन्स प्रा. लि. द.नं. २०२७५८/०७५/०७६** लाई यस कम्पनीको मिति २०८३/०३/३२ मा बसेको विशेष बैठकले प्रस्ताव पारित गरी कम्पनीलाई स्वैच्छिक खारेज गर्ने निर्णय गरी हामीलाई लिक्विडेटर नियुक्त गरिएको व्यहोरा जानकारी गराउँदै यस कम्पनी उपर कुनै व्यक्ति, बैक तथा वित्तिय संस्थाहरू, कम्पनी साहु आदि कुनै कसैको केही दावी लेनदेन भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफ्नो दावी तथा सो माथी प्रमाणित गर्ने प्रमाणित कागजात सहित निम्न लिखित ठेगानामा दावी गर्नहुन सम्बन्धित सबैमा सूचित गरिन्छ । सो अवधिभित्र कुनै दावी विरोध पर्न नआएमा नियम अनुसार कम्पनी खारेजी हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्विडेटर बलराम पन्त (अधिवक्ता)**
**लिक्विडेटर इ.प.नं. ४०० त्रिपुरेश्वर, काठमाडौं**
**मो. नं. ९८५११७१६५९, ९८०८२०४०७४,** Email Adress: balramp56@gmail.com

### स्वैच्छिक खारेजीमा रहेको एल. बि. मिट सेन्टर प्रा. लि. को लिक्विडेटर द्वारा जारी गरिएको हक दावि सम्बन्धी सूचना

यस **एल. बि. मिट सेन्टर प्रा. लि. द.नं. ३८३२०६/०८२/०८३** लाई यस कम्पनीको मिति २०८३/०३/३२ मा बसेको विशेष बैठकले प्रस्ताव पारित गरी कम्पनीलाई स्वैच्छिक खारेज गर्ने निर्णय गरी हामीलाई लिक्विडेटर नियुक्त गरिएको व्यहोरा जानकारी गराउँदै यस कम्पनी उपर कुनै व्यक्ति, बैक तथा वित्तिय संस्थाहरू, कम्पनी साहु आदि कुनै कसैको केही दावी लेनदेन भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफ्नो दावी तथा सो माथी प्रमाणित गर्ने प्रमाणित कागजात सहित निम्न लिखित ठेगानामा दावी गर्नहुन सम्बन्धित सबैमा सूचित गरिन्छ । सो अवधिभित्र कुनै दावी विरोध पर्न नआएमा नियम अनुसार कम्पनी खारेजी हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्विडेटर बलराम पन्त (अधिवक्ता)**
**लिक्विडेटर इ.प.नं. ४०० त्रिपुरेश्वर, काठमाडौं**
**मो. नं. ९८५११७१६५९, ९८०८२०४०७४,** Email Adress: balramp56@gmail.com

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/१२/१६ मा दर्ता कायम भएको **काठमाडौं भेराइटी सप्लायर्स प्रा.लि. (प्रा.लि.नं. १८६६८१/२०७४/०७५)** लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०४/३१ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**खारेजीकर्ता (लिक्विडेटर) श्री श्रवण कुमार श्रेष्ठ (इजाजत पत्र नं. ४०४)**
**फोन नम्बर (९८५१२१७००४)**

### अधिकतम खुद्रा मूल्य (MRP) सम्बन्धी सूचना

यस लाईफम्यार्टस अटोमोटिभ्स प्रा.लि. (Lifematters Automotives Pvt. Ltd.) ले चीनबाट पैठारी देहायको मालवस्तु अकितम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

| S.N. | Brand | Models | CC | Unit | MRP (NPR) |
|---|---|---|---|---|---|
| 1 | Chufeng | M32 A (TRUCK) | Electric | 1 | 69,00,000 |
| 2 | Chufeng | M32 B (TRUCK) | Electric | 1 | 71,50,000 |
| 3 | Chufeng | M33A (TRUCK) | Electric | 1 | 127,00,000 |
| 4 | GOTOGO | ZQ6450BEV (CAR) | Electric | 1 | 39,99,999 |
| 5 | GOTOGO | ZQ6450BEV1 (CAR) | Electric | 1 | 46,99,999 |

**बिक्रेता फर्मको नामः लाईफम्यार्टस अटोमोटिभ्स प्रा.लि.**
**सम्पर्क** : ०१४५३९३३१ **स्थायी लेखा नंः** ६१०३०००५५

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

### कम्पनीको विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना

यस कार्यालयको मिति २०७७/०६/२८ मा दर्ता भएको **प्रा. लि. नं. २४५२६३** को **लुम्बिनी डिस्कोभरी एजुकेशन सर्भिसेस प्राइभेट लिमिटेड** नामक कम्पनीले दफा १३६ क अनुसार विषेश दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**सोमबार, ०१ भदौ, २०८३**

**मेष** — मेषस् काममा नयाँ अवसर प्राप्त हुन सक्छ । आर्थिक पक्ष बलियो बन्नेछ, तर खर्चमा नियन्त्रण गर्नु राम्रो ।

**वृष** — रोकिएका काम अघि बढ्नेछन् । परिवारबाट सहयोग मिल्नेछ र मनमा उत्साह बढ्नेछ ।

**मिथुन** — नयाँ व्यक्तिसँगको भेट लाभदायक हुन सक्छ । व्यवसाय तथा रोजगारीमा सकारात्मक परिवर्तनको संकेत छ ।

**कर्कट** — मेहनतअनुसार राम्रो परिणाम प्राप्त हुनेछ । आर्थिक कारोबार गर्दा सावधानी अपनाउनुहोला ।

**सिंह** — आत्मविश्वास बढ्नेछ र महत्वपूर्ण काममा सफलता मिल्नेछ । पारिवारिक वातावरण सुखद रहनेछ ।

**कन्या** — कामको जिम्मेवारी बढ्न सक्छ । धैर्य र योजनाबद्ध ढंगले अघि बढ्दा राम्रो उपलब्धि हासिल हुनेछ ।

**तुला** — नयाँ काम सुरु गर्न अनुकूल समय छ । साथीभाइ तथा सहकर्मीबाट सहयोग प्राप्त हुनेछ ।

**वृश्चिक** — पुराना समस्या समाधान हुनेछन् । आर्थिक लाभको सम्भावना रहे पनि अनावश्यक खर्चबाट जोगिनु राम्रो ।

**धनु** — यात्राको अवसर मिल्न सक्छ । अध्ययन, रोजगारी वा व्यवसायमा प्रगतिको बाटो खुल्नेछ ।

**मकर** — मेहनतको राम्रो मूल्यांकन हुनेछ । आर्थिक स्थिति सुधारिनुका साथै नयाँ जिम्मेवारी प्राप्त हुन सक्छ ।

**कुम्भ** — सोचेजस्तो काम पूरा गर्न केही समय लाग्न सक्छ । महत्वपूर्ण निर्णय गर्दा हतार नगर्नु राम्रो ।

**मीन** — दिन उत्साहपूर्ण रहनेछ । नयाँ अवसर प्राप्त हुने र आर्थिक पक्षमा सुधार आउने सम्भावना छ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०१ भदौ, २०८३ (१७ अगस्ट २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ | १५२.२४ | १५२.८४ |
| युरो | १ | १७५.६२ | १७६.३२ |
| पाउन्ड स्टिर्लङ | १ | २०५.७६ | २०६.५७ |
| स्विस फ्रैन्क | १ | १८७.३७ | १८८.११ |
| अस्ट्रेलियन डलर | १ | १०७.५५ | १०७.९७ |
| क्यानाडियन डलर | १ | १०९.२५ | १०९.६८ |
| सिङगापुर डलर | १ | ११८.९६ | ११९.४२ |
| जापानी येन | १० | ९.५६ | ९.६० |
| चिनियाँ युआन | १ | २२.५८ | २२.६७ |
| साउदी अरब रियाल | १ | ४०.५५ | ४०.७१ |
| कतारी रियाल | १ | ४१.७६ | ४१.९२ |
| थाई भाट | १ | ४.६० | ४.६२ |
| संयुक्त अरब इमिरेट दिराम | १ | ४१.४५ | ४१.६२ |
| मलेसियन रिङेट | १ | ३७.२६ | ३७.४१ |
| दक्षिण कोरियन वन | १०० | १०.७५ | १०.८० |
| स्विडिस क्रोनर | १ | १५.९६ | १६.०२ |
| डेनिस क्रोनर | १ | २३.४९ | २३.५९ |
| हङकङ डलर | १ | १९.४० | १९.४८ |
| कुवेती दिनार | १ | ४९५.४९ | ४९७.४५ |
| बहराइन दिनार | १ | ४०३.७९ | ४०५.३८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# धापाखेलको नागदहमा आज नागपञ्चमी मेला

■ प्रभाव संवाददाता



**ललितपुर–** ललितपुरको धापाखेलस्थित नागदहमा आज मेला लाग्दै छ । हरेक वर्षको साउन शुक्ल पञ्चमी (नागपञ्चमी) का दिन लाग्ने मेलाको सम्पूर्ण तयारी पूरा भएको जानकारी दिइएको छ । आज लाग्ने नागपञ्चमीको प्रचारप्रसार, सुरक्षा, सरसफाइ, गंगा आरती, पूजा, बजार व्यवस्थापनलगायत तयारी पूरा भएको हो ।

ललितपुर महानगरपालिका-२४ का वडाध्यक्ष एवं नागदह विकास तथा संरक्षण समितिका अध्यक्ष दिनेशजंग पाण्डेले धापाखेलस्थित नागदहमा आज लाग्ने नागपञ्चमी मेलाको सुरक्षा, सरसफाइ, गंगा आरतीलगायत तयारी पूरा भएको बताए । ‘परापूर्वकालदेखि श्रावण शुक्ल पञ्चमीका दिन यहाँ मेला लाग्ने परम्परा रहिआएको छ । वासुकी नागको बासस्थान रहेको नागदहमा लाग्ने मेला भव्य रूपमा सम्पन्न गर्न हामी तयारीमा जुटेका छौं,’ वडाध्यक्ष पाण्डेले भने । मेलाका दिन (आज) बिहान ४:०० बजेदेखि भक्तजनलाई दर्शनको व्यवस्था मिलाइएको उनले बताए ।

वडाध्यक्ष पाण्डेका अनुसार यस वर्षको नागपञ्चमी मेलालाई थप व्यवस्थित, स्वच्छ र भव्य बनाउन प्रचारप्रसार, सुरक्षा, सरसफाइ, गंगा आरती, पूजा, बजार व्यवस्थापनलगायत ११ वटा विषयगत उपसमितिहरू गठन गरी जिम्मेवारी बाँडफाँड गरिएको छ । विभिन्न क्षेत्रका सुरक्षाकर्मी, विद्यालयका स्काउट, समाजसेवीलाई लाइन व्यवस्थापनका लागि खटाइने तयारी भएको उनले बताए ।

स्वास्थ्य उपचारका लागि धापाखेल हेल्थपोस्ट, रेडक्रस र सुमेरु अस्पतालसँगको सहकार्यमा एम्बुलेन्स तयारी अवस्थामा राख्नुका साथै प्राथमिक उपचारको व्यवस्था गरिएको छ । वडाध्यक्ष पाण्डेका अनुसार पूजारी शिव गिरीको घरबाट सोमबार बिहान बहुमूल्य गरगहनासहित पित्तलको नागको प्रतिमा नागदहमा ल्याइन्छ र पूजा गरिन्छ ।

दिनभरि पूजा गरिएको प्रतिमालाई राति बाजागाजासहितको टोलीले फेरि पुजारीकै घरमा लगेर राखिदिने परम्परा रहेको उनले बताए । ‘नाग भगवान्‌लाई रिझाएर खुसी पारेमा मनोकांक्षा पूरा हुने जनविश्वासअनुसार यहाँ नागपञ्चमीका दिन वासुकी नागको विशेष पूजाआराधना हुन्छ,’ वडाध्यक्ष पाण्डे भने ।

नागको पूजा गर्दा घरमा सुखशान्ति मिल्ने, अन्नबाली सप्रने र छालाको रोग निको हुने जनविश्वास रहेको उनले बताए । ‘नागपञ्चमीमा नागदहमा आएर नागको दर्शनसँगै स्नान गरेमा घरमा सुखशान्ति मिल्ने, अन्नबाली सप्रने र छालासम्बन्धी रोग निको हुने जनविश्वास छ,’ वडाध्यक्ष पाण्डेले भने ।

नागपञ्चमीका अवसरमा लाग्ने मेला भर्न उपत्यका र आसपासका जिल्लाबाट भक्तजन आएर नागदहमा स्नान गर्नुका साथै विभिन्न भाकल राखेर नागको मन्दिरमा पूजा गर्ने तथा दर्शन गर्ने चलन रहिआएको छ । मेलामा ललितपुरका धापाखेल, झरुवाराशी, चापागाउँ, ठैव, हरिसिद्धी, लुभु, लेले, गोदावरी, छम्पी, सातदोबाटोलगायत क्षेत्रका स्थानीय र भक्तजनको घुइँचो लाग्ने वडाध्यक्ष पाण्डेले जानकारी दिए ।

करिब ५२ रोपनी क्षेत्रफलमा फैलिएको प्राकृतिक नागदहको गहिराइ समग्रमा २५ फिट भए पनि मध्यभागमा ४१ फिट रहेको छ । दहको चौडाइ ९३७ मिटर रहेको समितिले जनाएको छ । प्राचीन तालका रूपमा परिचित यो पोखरीको धार्मिक तथा सांस्कृतिक महत्त्व रहेको छ । काठमाडौंको पानी चोभार गल्छीबाट पठाइएपछि यो स्वतः निर्मित दह बनेको हो । त्यसबेला उपत्यकाका नागले यहाँ बसोबास गरेका भन्दै नागको पूजाआजा हुन थालेको जनविश्वास रहिआएको छ ।

आदिकालमा काठमाडौं उपत्यकाका तीन सहर जलमय भइरहेका बेलामा मञ्जुश्रीले चोभार र बाँडेगाउँको पहाडलाई तान्त्रिक विधिबाट छेदन गरी पानी बाहिर पठाएको किंवदन्ती रहेको वडाध्यक्ष पाण्डेले बताए । ‘त्यसरी पानी बाहिर पठाउँदा नागराजा पनि बाहिर जाने भएकाले दह बनाएर नागराजालाई राखिएको र त्यही दह धापाखेलस्थित नागदह बनेको जनविश्वास छ,’ उनले भने ।

नागदह धार्मिक एवं सांस्कृतिक क्षेत्रमात्र होइन । राष्ट्रिय सिमसार क्षेत्रसमेत भएकाले विभिन्न स्थानबाट आउने पन्छीको बासस्थान पनि यहाँ छ । नागदहमा नागपञ्चमी र ऋषिपञ्चमीमा ठूलो मेला लाग्दछ । पछिल्लो समय ललितपुर महानगरपालिकाले यसलाई पर्यटकीय गन्तव्यका रूपमा संरक्षण र प्रचारप्रसार गर्दै पर्यटन प्रवर्द्धन गरिरहेको छ ।

# भारतका स्थल सेनाध्यक्ष सेठ काठमाडौंमा



**काठमाडौं (प्रस)–** प्रधान सेनापति अशोकराज सिग्देलको औपचारिक निमन्त्रणामा मित्रराष्ट्र भारतका स्थल सेनाध्यक्ष जनरल धीरज सेठ चारदिने भ्रमणको सिलसिलामा आइतबार काठमाडौं आइपुगेका छन् ।

पाँच सदस्यीय भ्रमण दलमा उनकी धर्मपत्नी कोमल सेठ पनि सहभागी छिन् । उनीहरूलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बलाधिकृत रथी प्रदीपजंग केसी र उनकी धर्मपत्नीले स्वागत गरेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

भ्रमणका क्रममा सेनाध्यक्ष सेठलाई आज भदौ १ गते राष्ट्रपति भवन शीतल निवासमा आयोजना गरिने विशेष समारोहकाबीच राष्ट्रपति रामचन्द्र पौडेलबाट नेपाली सेनाको मानार्थ महारथीको दर्जा प्रदान गर्ने कार्यक्रम रहेको छ ।

मित्रराष्ट्रका उच्चपदस्थ सैनिक अधिकारीको यस किसिमको भ्रमणले दुई देशबीचको सैनिक सम्बन्धलाई अझ विस्तार एवं प्रगाढ बनाउन थप मद्दत पुग्ने नेपाली सेनाले जनाएको छ ।


## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **S.K. Energy Traders** कम्पनीले CHINA बाट पैठारी गरेको देहायको मालबस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि.नं. | मालबस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक राष्ट्र | ईकाई | ईकाई प्रति मूल्य | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RANGEHOOD CHIMNEY | N/A | S.K ENERGY | 1836 | N/A | CHINA | PCS | 8,400.00 | 14,500.00 | |
| 2 | RANGEHOOD CHIMNEY | N/A | S.K ENERGY | 38 | N/A | CHINA | PCS | 11,300.00 | 18,000.00 | |

बिक्रेताको फर्मको नाम: **S.K. ENERGY TRADERS** — स्थायी लेखा नं: **302252282**
ठेगाना: **Ramhiti, Boudha, Kathmandu, Nepal** — फोन नं: **9851040703**


# ८३ वर्षीया देवकुमारीको नाग दर्शनको धोको पूरा हुँदै



**भक्तपुर–** भक्तपुर थालाछेँकी ८४ वर्षीय कृष्णमाया देउपाला निकै हर्षित छिन् । आफ्नै घरआँगनको सयौं वर्ष पुरानो स्वर्णरंगी नागको नागपञ्चमीका दिन दर्शन गर्न पाउने भएपछि उनी दंग भएकी हुन् ।

भक्तपुर नगरपालिका-१० स्थित नागपोखरीमा हरेक वर्ष नागपञ्चमीका दिन सामान्य रूपमा पूजा हुँदै आएको छ । यस वर्ष करिब २० वर्षपछि विशेष कार्यक्रमसहित नागपञ्चमी मनाउने तयारी छ । पोखरीको बीचमा रहेको नागको पूजा गर्ने अवसर भने यसअघि स्थानीयले पाएका थिएनन् । ‘यो उमेर भयो नागपुखु (नागपोखरी) को बीचमा रहेको नागलाई छोएर दर्शन गर्न पाएको छैन,’ देउपाला भनिन्, ‘नागपञ्चमीका दिन प्रत्यक्ष दर्शन गर्न जुरेछ ।’

नागपुखु संरक्षण समितिका कोषाध्यक्ष सुजन शिल्पकारले पनि अहिलेसम्म नागको प्रत्यक्ष दर्शन गर्न नपाएको बताए । पोखरीको बीचमा पुग्ने व्यवस्था नभएकाले यस्तो अवस्था रहेको उनको भनाइ छ । यस वर्ष भने भक्तपुर नगरपालिका-१० र स्थानीयको सहकार्यमा अस्थायी पुल निर्माण भएको छ । यससँगै स्थानीयमात्र नभई देशभरबाट आउने भक्तजनले पोखरीको बीचमा पुगेर नागको प्रत्यक्ष दर्शन तथा स्पर्श गर्न पाउने छन् ।

भक्तपुर नगरपालिका-१० का वडाध्यक्ष लक्ष्मीप्रसाद हचौमिखाले उत्तरदेखि दक्षिणतर्फ करिब ४२ फिट लामो अस्थायी पुल निर्माण गरिएको बताए । हरेक वर्ष सामान्यरूपमा पूजा हुँदै आए पनि धेरैलाई यस पोखरीको ऐतिहासिक तथा धार्मिक महत्त्वबारे जानकारी नभएकाले यसलाई पर्यटकस्थलका रूपमा विकास गर्ने उद्देश्यले यस वर्ष विशेष कार्यक्रम आयोजना गरिएको उनले बताए ।

नागपञ्चमीका दिन आज बिहान ८:०० बजे भ्वायलिन, बाँसुरी र खिँ एकैपटक बजाएर करिब १०० जनाले प्रस्तुति दिने नागपुखु संरक्षण समितिका अध्यक्ष अनिल देउपालाले जानकारी दिए । पूजाका क्रममा मंगल धुन, सिलु धुनलगायत विभिन्न नेवारी धुन प्रस्तुत गरिने छ । बिहान ११ बजेदेखि साँझ ५ बजेसम्म भजन तथा त्यसपछि सांगीतिक कार्यक्रम सञ्चालन गरिने उनले बताए ।

नागपञ्चमीका दिन नागको पूजा गरी दुबो, दूध, अक्षता आदि चढाउने तथा धूप-दीप गर्ने प्रचलन छ । कुलनागका थानमा कपासबाट नागको आकृति बनाएर अबिर, अक्षतालगायत सामग्रीले पूजा गर्ने र दूधको अर्घ्य दिने गरिन्छ । दूधबाट बनाइने विशेष परिकार तथा बारीमा फलेका नयाँ फलफूलसमेत नागलाई चढाउने परम्परा रहेको छ । नागपोखरीको पूर्व दिशातर्फ बसेर नागको पूजा गर्ने चलन छ । यसरी पूजा गरेमा नागको भयबाट मुक्ति पाइने जनविश्वास रहेको छ ।

टौमढीस्थित विश्व सम्पदा सूचीमा सूचीकृत पाँचतले मन्दिर निर्माणका लागि यही पोखरीबाट माटो लगिएको मन्दिरमा रहेको शिलालेखमा उल्लेख छ । माटो निकालिएपछि बनेको खाल्डोमा राजा भूपतीन्द्र मल्लले नागको स्थापना गराएको जनविश्वास छ । पोखरीको मध्यभागमा नागको प्रतिमा रहेकाले यसको नाम नागपोखरी राखिएको हो । यसअघि यस पोखरीलाई थालाछेँ पुखु भनिन्थ्यो । हाल पोखरीकै नामबाट आसपासको टोलसमेत परिचित छ । *रासस*


## प्रतिबिम्ब बचत तथा ऋण सहकारी संस्था लिमिटेड, चावहिल ७, काठमाडौं
**Pratibimba Saving & Credit Co-Operative Ltd. (PSCCL)**

### बार्षिक साधारण सभामा उपस्थिति हुने सम्बन्धमा सूचना

**प्रकाशित मिति २०८३/०५/०१ गते, प्रभाव दैनिक**

यस संस्थाको संचालक समितिको मिति २०८३/०४/२१ गते बसेको बैठकको निर्णय अनुसार यस संस्थाको १७ औं वार्षिक साधारणसभ तपशिलमा उल्लेखित विषय उपर छलफल तथा निर्णय गर्न विवरणमा उल्लेखित मिति, स्थान र समयमा बस्ने भएको हुदा सेयर सदस्य महानुभावहरूको उपस्थितिको लागि अनुरोध छ ।

**साधारण सभा सम्पन्न हुने मिति, समय र स्थान :**
**मिति** : २०८३ साल असोज ३ गते शनिबार
**स्थान** : कार्की पार्टी प्यालेस सुकेधारा, काठमाडौं
**समय** : अपरान्ह १२:३० बजे

**छलफलका विषयहरू :**
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको मन्तव्य,
२. सचिवज्यूको वार्षिक प्रगति प्रतिवेदन माथि छलफल र पारित गर्ने,
३. कोषाध्यक्षज्यूको आ.व.०८२/८३ को बार्षिक प्रतिवेदन र आ.व.०८३/०८४ को प्रस्तावित बजेट पारित गर्ने,
४. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन पारित गर्ने,
५. आ.व.०८२/०८३ को लेखा परिक्षकको प्रतिवेदन माथि छलफल र पारित गर्ने,
६. आ.व.०८३/०८४ को लेखा परिक्षक नियुक्त गर्ने र पारिश्रमिक तोक्ने,
७. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गरि निर्णय प्रमाणित गर्ने प्रतिनिधी छनोट गर्ने,
८. नीति तथा कार्यविधी पारित गर्ने,
९. सेयर लाभांश पारित गर्ने
१०. संस्थाको कार्यालयको लागि भवन वा जग्गा खरिद गर्ने सम्बन्धमा,
११. विविध ।

भवदीय
..............
(ऋषि कुमार चौलागाईं)
सचिव, सञ्चालक समिति

**बिस्तृत जानकारीका लागि :**
प्रतिबिम्ब बचत तथा ऋण सहकारी संस्था लि.
चावहिल ७, काठमाडौ । फोन नं.०१-४५६२६७५ Email : pratibimba067@gmail.com





## मुकुल वचत तथा ऋण सहकारी संस्था लि.
**बालुवाटार, काठमाडौं, सर्म्पक नं.: ०१-४५३५६२६, ०१-४५३५४६८**

### धितो लिलाम बढाबढको ३५ दिने सूचना

(पहिलो पटक प्रकाशन मिति २०८३/०५/०१ गते)

यस संस्थाबाट तपसिलमा उल्लेखित अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएको तपसिलका ऋणी सदस्यले ऋणको साँवा, व्याज र हर्जना समेत नतिरी/नबुझाई लिखत अनुसारको ऋण सम्बन्धी शर्तहरू पटक-पटक उल्लंघन गरेकाले बारम्बार लिखित तथा मौखिक तरताकेता गर्नका साथै राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने कर्जा चुक्ता गर्न आउने बारेको सूचना प्रकाशित गर्दा समेत आफूले बुझाउनु पर्ने ऋणको रकम चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाएकाले यो धितो लिलामको सूचना प्रकाशित गरिएको छ । संस्थासँग भएको शर्त, कबुलिखत, तमसुक बमोजिमको धितोको घर/जग्गाहरू जे जस्तो छ, सोहि अवस्थामा नेपाल सरकारबाट स्वीकृत सहकारी ऐन, २०७४, सहकारी नियमावली २०७५, प्रदेश सहकारी ऐन, २०७६, प्रदेश सहकारी नियमावली २०७६ तथा यस संस्थाको विनियम अनुसार यस कार्यालयमा तल उल्लेखित मिति र समयमा धितो लिलामको डाक बढाबढ गरी बेचखिन गरिने हुँदा सो धितो खरिद र सकार गरी लिने इच्छुक सर्वसाधारणहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| ऋणीको सदस्यको विवरण | घर जमानी | धन जमानी विवरण |
|---|---|---|
| **ऋणी** : अग्नि प्रसाद लामिछाने <br>**बुवा** : देवदत्त लामिछाने<br>**हजुरबुवा** : जयनारायण लामिछाने<br>**नागरिकता नं.** ७६१५/१३७/ १४२२०/४२२७७/५१३४२<br>**स्थायी ठेगाना**<br>**अञ्चल** : बाग्मती<br>**जिल्ला** : काठमाडौं<br>**गा.वि.स.** : नाङ्लेभारे-८ | **जमानी** : सौगात लामिछाने <br>**बुवा** : अग्नि प्रसाद लामिछाने<br>**हजुरबुवा** : देवदत्त लामिछाने<br>**नागरिकता नं.**२७/०१/७१/०१६२२<br>**स्थायी ठेगाना**<br>**अञ्चल** : बाग्मती<br>**जिल्ला** : काठमाडौं<br>**गा.वि.स.** : जोरपाटी-१ | **जमानी** : प्रणिता राजश्वरी थापा <br>**बुवा** : गुलाव शमशेर थापा<br>**हजुरबुवा** : लोचन शमशेर थापा<br>**नागरिकता नं.** १७४३४<br>**स्थायी ठेगाना**<br>**अञ्चल** : बाग्मती<br>**जिल्ला** : का.म.न.पा.४, काठमाडौं-४ |

**धितो विवरण**
ऋणीको नाममा मालपोत कार्यालय साँखु काठमाडौंमा एकल नाममा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला लप्सीफेदी गा.वि.स/न.पा.वडा नं.७ ‘क’ को क्रमशः कित्ता नं.८४, २६१, १३१ र १३० को ७८६.९६, ५२४.६४, ३१०.०१ र २१४.५९ वर्ग मिटर क्षेत्रफल भएको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगाग समेत ।

**लिलाम बिक्रीका शर्तहरू:**
१. लिलाममा अन्तिम पटक सबैभन्दा बढी कबोल गर्ने व्यक्तिले आफुले बोलेको कूल रकमको १०% ले नगद रकम धरौटि वापत तुरुन्तै (डाक बढाबढ गरेकै वखतमा) यस संस्थामा बुझाउनु पर्नेछ ।
२. लिलाम सकार गर्ने व्यक्तिले स्वीकृतपत्र पाएको मितिले ७ दिनभित्र कबुल गरेको सम्पूर्ण रकम बुझाउनु पर्नेछ । नबुझाएमा त्यसपछि दोश्रो बढी रकम कबोल गर्नेलाई मौका दिइनेछ ।
३. धितो सुरक्षण रहेको अचल सम्पत्ति लिलाम बिक्रीमा सकार गरी लिनेले अचल सम्पत्ति दाखिला र खारेज गर्दा लाग्ने शुल्क नगद दस्तुर वापतको रकम सबै आफैले व्यहोर्नु पर्नेछ ।
४. यस संस्थाको कार्यालयमा तोकिएको दिन र समयमा लिलाम बढाबढ गरिनेछ । उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकएको समयमा हुनेछ ।
५. लिलाम बढाबढ गर्दा सबै भन्दा बढी अंक बोल्ने व्यक्तिलाई धितो सुरक्षणको लचल सम्पत्ति दने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सरक्षित रहनेछ ।
६. जग्गा हेर्न चाहेमा आफ्नो खर्चमा सम्बन्धित स्थानमा गई हेर्न सकिनेछ ।
७. जग्गाधनि वा निजको प्रतिनिधि लिलाम बिक्री हुने समयमा उपस्थित हुनु पर्नेछ । तर निजको प्रतिनिधि उपस्थित नभएमा पनि लिलाम बिक्री गर्न बाधा पुगेको मानिने छैन ।
८. धितो लिलाम बिक्री हुँदा डाक बढाबढमा कसैले भाग नलिएमा संस्था आफैंले धितो जग्गा सकार गरी लिनेछ ।

**धितो लिलाम हुने मिति, समय र स्थान:**
लिलाम हुने मिति: २०८३/०६/०५ गते सोमबार
समय : दिनको ४:०० बजे
स्थान : संस्थाको मुख्य कार्यालय, बालुवाटार, काठमाडौं ।



## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८३ साल भदौ महिना १ गते सोमबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**१) शाखा कार्यालय : कोटीहवा शाखा** — **कर्जाको शिर्षक : लधुउद्यम कर्जा**

**ऋणीको विवरण**
मोईउद्दीन खानको बुहारी रज्जाक हुसैन खानको पत्नी रुपन्देही जिल्ला मधवलिया वडा नं. २ हाल, तिलोत्तमा न.पा. वडा नं. १६ बस्ने **सलमा खातुन** (ना.प्र.नं. : ३७१०१७/४०७०२ जारी मिति र जिल्ला : २०६६/११/२८, रुपन्देही)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**
१) तज्जमुल हुसेनको नाति मोईउद्दीन खानको छोरा रुपन्देही जिल्ला मधवलिया वडा नं. २ हाल, तिलोत्तमा न.पा. वडा नं. १६ बस्ने **सैफ अलि खान** (ना.प्र.नं. : ३७-०१-७०-११०८८ जारी मिति र जिल्ला : २०७०/०८/२७, रुपन्देही)
२) तज्जमुल हुसेनको नाति मोईउद्दीन खानको छोरा रुपन्देही जिल्ला मधवलिया वडा नं. २ हाल, तिलोत्तमा न.पा. वडा नं. १६ बस्ने **रज्जाक हुसैन खान** (ना.प्र.नं. : ३७३०१७ /१७४ जारी मिति र जिल्ला : २०६३/१०/२५, रुपन्देही)
३) तज्जमुल हुसेनको नाति मोईउद्दीन खानको छोरा रुपन्देही जिल्ला मधवलिया वडा नं. २ हाल, तिलोत्तमा न.पा. वडा नं. १६ बस्ने **सनार हुसैन खान** (ना.प्र.नं. : ३७३०१७/१७५ जारी मिति र जिल्ला : २०६३/१०/२५, रुपन्देही)

**२) शाखा कार्यालय : कोटीहवा शाखा** — **कर्जाको शिर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**
तज्जमुल हुसेनको नाति मोईउद्दीन खानको छोरा रुपन्देही जिल्ला मधवलिया वडा नं. २ हाल, तिलोत्तमा न.पा. वडा नं. १६ बस्ने **रज्जाक हुसैन खान** (ना.प्र.नं. : ३७३०१७ /१७४ जारी मिति र जिल्ला : २०६३/१०/२५, रुपन्देही)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**
समतुल्ला खांबको नाति महमदीन खांबको छोरा नबलपरासी जिल्ला सरावल गा.वि.स. वडा नं. ६ हाल, रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. १६ बस्ने **एसफाक खांब** (ना.प्र.नं. : ३६-०१-७१-०२९७४ जारी मिति र जिल्ला : २०७१/०५/२३, नवलपरासी)

**३) शाखा कार्यालय : ईटहरी शाखा** — **कर्जा शिर्षक : व्यक्तिगत आवधिक कर्जा**

**ऋणीको विवरण**
सुरज कुमार श्रेष्ठको छोरी तिल बहादुर श्रेष्ठको बुहारी घनश्याम श्रेष्ठको पत्नी मोरङ्ग जिल्ला हरैंचा वडा नं. ९ हाल, सुन्दरहरैंचा न.पा. वडा नं. १ बस्ने **सपना श्रेष्ठ** (ना.प्र.नं. : ०५१०६३/१९ जारी मिति र जिल्ला : २०६६/०५/१०, मोरङ्ग)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**
१) दिल बहादुर श्रेष्ठको नाति तिल बहादुर श्रेष्ठको छोरा मोरङ्ग जिल्ला हरैंचा वडा नं. ९ हाल, सुन्दरहरैंचा न.पा. वडा नं. १ बस्ने **घनश्याम श्रेष्ठ** (ना.प्र.नं. : ४५६०३ जारी मिति र जिल्ला : २०५६/०८/१५, मोरङ्ग)
२) सनमान श्रेष्ठको नाति दिल बहादुर श्रेष्ठको छोरा मोरङ्ग जिल्ला हरैंचा गा.वि.स. वडा नं. २ हाल, सुन्दरहरैंचा न.पा. वडा नं. १ बस्ने **तिल बहादुर श्रेष्ठ** (ना.प्र.नं. : ३७२१३ जारी मिति र जिल्ला : २०३५/१०/१०, मोरङ्ग)
३) दिल बहादुर श्रेष्ठको बुहारी तिल बहादुर श्रेष्ठको पत्नी मोरङ्ग जिल्ला हरैंचा गा.वि.स. वडा नं. २ हाल, सुन्दरहरैंचा न.पा. वडा नं. १ बस्ने **गंगा देबी श्रेष्ठ** (ना.प्र.नं. : ३७२२९ जारी मिति र जिल्ला : २०३५/१०/१०, मोरङ्ग)

**४) शाखा कार्यालय : बेगनासताल शाखा** — **कर्जा शीर्षक : साना उद्यम कर्जा**

**ऋणीको विवरण**
नाम : **मण्डली पाथीभरा फेन्सी स्टोस** प्रोप्राइटरको नाम : निर बहादुर थापा मगर प्रा.फ.र.नं. : २१८२६/०७७/०७८
दर्ता गर्ने कार्यालय : उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय — दर्ता मिति : २०७७/११/०२
फर्मको ठेगाना : कास्की जिल्ला पोखरा वडा नं. ९ — स्थायी लेखा नं. : ६२५२२१००१

**प्रोप्राइटरको विवरण**
लाल बहादुरको नाति मेल बहादुर थापा मगरको छोरा रामेछाप जिल्ला लिखु तामाकोशी गा.पा वडा नं. ७ हाल, कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ९ बस्ने **निर बहादुर थापा मगर** (ना.प्र.नं. : २१-०१-७७-०३६२६ जारी मिति र जिल्ला : २०७७/१०/२०, रामेछाप)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**
१) हस्त बहादुर नेपालीको नाति पदम बहादुर नेपालीको छोरा पर्वत जिल्ला राम्जादेउराली गा.वि.स. वडा नं. ५ हाल, कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३१ बस्ने **मिन बहादुर नेपाली** (ना.प्र.नं. : ११२५० जारी मिति र जिल्ला : २०५२/०८/२९, पर्वत)
२) खड्क जंग गुरुङ्को नातिनी बालकाजी गुरुङ्को छोरी पर्वत जिल्ला महाशिला गा.पा. वडा नं. १ हाल, कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ९ बस्ने **मनिषा गुरुङ्ग** (ना.प्र.नं. : ५१-०१-७१-०२७०६ जारी मिति र जिल्ला : २०७१/०८/२२, पर्वत)

“नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक”



**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

**Central Office:** Lazimpat, Kathmandu
**Tel.:** 01-5970887
**Toll Free No.:** 16600149999 (NTC), 18102149999 (Ncell)
**E-mail:** info@muktinathbank.com.np
**Web:** www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# नागरिकको ज्यान पहिलो प्राथमिकता

मनसुन सक्रिय भएसँगै देशका विभिन्न भागमा परेको अविरल वर्षाले जनजीवन त्रसित र अस्तव्यस्त बनाएको छ । रोल्पाको थवाङमा १० जनाको अकालमा ज्यान जानेगरी खसेको पहिरो, जाजरकोटको भेरीमा चार जनाको मृत्यु भएको घटना तथा बागलुङको निसीखोला र बाजुराको त्रिवेणीमा दर्जनौं घरपरिवार पहिरोको उच्च जोखिममा पर्नुले विपद्को भयावह रूप उजागर गरेको छ ।

पश्चिम नेपालका पहाडी भेगमा बाढी र पहिरोले पुऱ्याएको यो क्षति त प्रतिनिधि उदाहरणमात्र हुन्ह देशैंभरि पहाड खस्ने र नदी कटान हुने क्रम तीव्र बनेको छ । यस्तो संवेदनशील अवस्थामा राज्यको उपस्थिति र सक्रियता कागजी निर्णय वा बैठकमामात्र सीमित नरही, जोखिममा परेका नागरिकको तत्काल जीवनरक्षामा केन्द्रित हुनुपर्छ ।

सरकारले रोल्पा, बाजुरा र जाजरकोटका पहिरोग्रस्त क्षेत्रमा भौगर्भिक अध्ययनका लागि विशेषज्ञ टोली खटाउने निर्णय गर्नु सकारात्मक कदम हो । जोखिमको वस्तुनिष्ठ पहिचान र दीर्घकालीन पुनःजाँचका लागि वैज्ञानिक अध्ययन आवश्यक छ । तर, भौगर्भिक अध्ययनले भविष्यको दिशा तय गरे पनि आजको तत्काल आवश्यकता भनेको जोखिमपूर्ण बस्तीका नागरिकको ज्यान जोगाउनु हो । बाजुराको ताम्सु गाउँका ५८ घरपरिवार र बागलुङका ४० घरपरिवार जस्तै विस्थापित हुने अवस्थामा पुगेका नागरिकका लागि पहिलो प्राथमिकता अध्ययन टोलीको पर्खाइ होइन, तत्कालको सुरक्षित स्थानान्तरण र सुरक्षाकर्मीको उपस्थिति हो ।

विपद् प्रतिकार्यलाई चुस्त बनाउन मनसुन प्रतिकार्य कमाण्ड पोस्टले राहत, उद्धार र उपचारलाई तीव्र पार्न दिएको निर्देशनलाई सकारात्मकरूपमा लिनुपर्छ । 'विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१' अनुसार घाइतेको निःशुल्क उपचार, मृतकका परिवारलाई राहत तथा विस्थापितका लागि अस्थायी आवास निर्माण र प्रवलीकरणको प्रक्रियालाई विनाकुनै प्रशासनिक ढिलासुस्ती कार्यान्वयन गरिनुपर्छ । विगतका अनुभवले के देखाउँछन् भने कागजी मापदण्ड र निर्णयहरू स्थानीय तहसम्म पुग्दा र कार्यान्वयन हुँदा निकै समय बितिसक्छ । फलतः पीडितहरू खुला आकाशमुनि भोक र रोगसँग जुध्न बाध्य हुन्छन् । यो नियति दोहोरिन नदिन जिल्ला प्रशासन, स्थानीय तह र जिल्ला विपद् व्यवस्थापन समितिबीच बलियो समन्वय हुनुपर्छ ।

अबको प्राथमिकता केवल घटना घटेपछिको उद्धार र राहतमामात्र सीमित हुनु हुँदैन । पूर्वसूचना प्रणालीलाई चुस्त बनाउँदै जोखिमयुक्त बस्तीका मानिसहरूलाई बेलैमा सुरक्षित स्थानमा सार्ने, पहिरोको उच्च जोखिम भएका सडक तथा बस्ती आसपास २४ सै घण्टा सुरक्षाकर्मी परिचालन गर्ने र राहत सामग्री पूर्वसञ्चित गरी राख्ने जस्ता पूर्वसतर्कताका उपायहरू तत्काल अपनाउनुपर्छ । नागरिकको धनजनको रक्षा गर्नु राज्यको पहिलो दायित्व हो । तसर्थ, सरकारले भाषण र औपचारिकताभन्दा माथि उठेर खोज, उद्धार, राहत र पुनर्स्थापनाका कार्यहरूमा तत्कालै युद्धस्तरमा प्रभावकारी कदम चाल्न अति आवश्यक छ ।

## श्रम सरोकार

# सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिंदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

**के-के छन् फाइदा ?**

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

**योगदान रकम कसरी जम्मा गर्ने ?**

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

# वस्तुनिष्ठताको कसीमा शैक्षिक परामर्श सेवा



❑ उमेश ढुंगेल

"अबको बहस 'नियमावली चाहिन्छ कि चाहिंदैन ?' भन्ने तहमा रोकिनु हुँदैन । नियमावली चाहिन्छ तर कस्तो नियमावली चाहिन्छ भन्ने प्रश्न अझ महत्त्वपूर्ण छ । अहिलेको अवसरलाई विद्यार्थीकेन्द्रित करियर मार्गदर्शन, जिम्मेवार परामर्श सेवा र सचेत अभिभावक निर्माण गर्ने अवसरका रूपमा लिन सकिन्छ । यसका लागि नियमावली निर्माण वा संशोधनको प्रक्रियामा विद्यार्थी, अभिभावक, परामर्शदाता, शैक्षिक प्रदायक र सम्बन्धित सरकारी निकायजस्ता सरोकारवालाको अर्थपूर्ण सहभागिता आवश्यक हुन्छ ।

प्रस्तावित शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन र व्यवस्थापन) नियमावली, २०८३ ले वैदेशिक अध्ययनमा जाने विद्यार्थी, अभिभावक र शैक्षिक परामर्श सेवा प्रदान गर्ने संस्थाहरूबीच विभिन्न कोणबाट बहस र छलफल भएका छन् । खासगरी बहसमा धरौटी, शैक्षिक परामर्श सेवाका लागि त्यति आवश्यक नदेखिने पूर्वाधार, ग्रेडिङ, परामर्शदाताको आफ्नो नियन्त्रण र क्षमताभन्दा बाहिर जाने आर्थिक तथा मानसिक क्षतिपूर्तिको दायित्व र शाखा कार्यालयजस्ता विषय उठेका छन् ।

यीमध्ये कतिपय विषयमा पर्याप्त छलफल र पुनर्विचारको आवश्यकता देखिन्छ तर यी विषयमा प्रवेश गर्नुअघि एउटा आधारभूत प्रश्नबाट छलफल सुरु गर्नु उचित हुन्छ आखिर परामर्श भनेको के हो ? परामर्श भनेको कसैको ठाउँमा निर्णय गरिदिने काम होइन । कुनै व्यक्तिको अवस्था, क्षमता, रुचि, आवश्यकता, विकल्प, जोखिम र सम्भावित परिणामलाई बुझेर सत्यापनयोग्य सूचना, विवेकपूर्ण विश्लेषण र पेसागत मार्गदर्शनमार्फत उसलाई आफ्नै जीवनबारे सही र सूचित निर्णय लिन सक्षम बनाउने प्रक्रिया नै परामर्श हो ।

विद्यार्थीको आवश्यकता, क्षमता, रुचि, आर्थिक अवस्था र भविष्यको लक्ष्यअनुसार उपलब्ध विकल्प पहिचान गर्नु, ती विकल्पका अवसर र सीमाबारे वस्तुगत जानकारी दिनु, सम्भावित जोखिमबारे सचेत गराउनु र अन्ततः विद्यार्थीलाई आफ्नै निर्णय लिन सक्षम बनाउनु नै परामर्शको मूल जिम्मेवारी हो । यसैले शैक्षिक परामर्शलाई विद्यार्थीलाई कुनै देश, विश्वविद्यालय वा पाठ्यक्रममा पठाउने भर्नाकेन्द्रित गतिविधिमामात्र सीमित गर्नु यसको वास्तविक प्रकृतिलाई साँघुरो बनाउनु हो ।

शैक्षिक परामर्श मूलतः विद्यार्थीको शैक्षिक पृष्ठभूमि, क्षमता, रुचि, भविष्यको आकांक्षा, आर्थिक अवस्था र उपलब्ध शैक्षिक अवसरबीच उचित सम्बन्ध पहिचान गर्ने ज्ञानमा आधारित पेसागत सेवा हो । त्यसैले परामर्शदाताको मूल्य कार्यालयको आकार वा विद्यार्थीको संख्यालेमात्र होइन, उसले दिने सूचनाको गुणस्तर, विश्लेषण गर्ने क्षमता, पेसागत दक्षता र विद्यार्थीप्रतिको जिम्मेवारीले निर्धारण गर्नुपर्छ । परामर्शदाताको काम विद्यार्थीको निर्णय आफ्नो हातमा लिनु होइन, उसलाई अझ राम्रो निर्णय गर्न सक्षम बनाउनु हो ।

## विद्यार्थी र अभिभावकको जिम्मेवारिता

आजको विश्वमा शैक्षिक अवसर र सूचना विद्यार्थीको पहुँचमा पहिलेभन्दा धेरै सहज भएका छन् । विश्वव्यापी शैक्षिक गतिशीलताको अवसरलाई उपयोग गर्दै विद्यार्थी र अभिभावक स्वयं पनि सचेत हुन आवश्यक छ । आफूले प्राप्त गरेको सूचना सकेसम्म सत्यापन गर्ने, विभिन्न विकल्पबीच तुलना गर्ने, प्रश्न गर्ने र आवश्यक परे थप जानकारी खोजेरमात्र निर्णय गर्ने संस्कार विकास हुनुपर्छ ।

सही परामर्श लिनु परामर्शदाताको मात्र जिम्मेवारी होइन । सही सूचना खोज्नु, बुझ्नु र सोचेर निर्णय गर्नु विद्यार्थी तथा अभिभावकको पनि जिम्मेवारी हो । समय लिएर सूचना परीक्षण गरी निर्णय गर्दा हतारमा निर्णय गर्नुपर्ने अवस्था कम हुन्छ । प्रस्तावित नियमावलीमा विद्यार्थी र अभिभावकको भूमिकालाई पनि स्पष्ट रूपमा सम्बोधन गर्न आवश्यक देखिन्छ । विद्यार्थी केवल सेवा प्राप्त गर्ने व्यक्ति होइन; आफ्नो भविष्यसँग सम्बन्धित निर्णयको प्रमुख सरोकारवाला हो । अभिभावक पनि आर्थिक, पारिवारिक र सामाजिक पक्षसँग जोडिएको महत्त्वपूर्ण पक्ष हुन् । यी दुवैलाई सचेत र जिम्मेवार सरोकारवालाका रूपमा स्थापित गर्न सकिएमा परामर्श प्रक्रिया अझ स्वस्थ र सन्तुलित बन्न सक्छ ।

## नियमावलीको आवश्यकता किन ?

एउटा विद्यार्थीले गलत सल्लाह पाउँदा समस्या उसको शैक्षिक भविष्यमामात्र सीमित हुँदैन । त्यसले परिवारको ठूलो आर्थिक लगानी, अध्ययनको दिशा, करियर, व्यक्तिगत आत्मविश्वास र भविष्यका अवसरसम्म असर पार्न सक्छ । यही कारणले शैक्षिक परामर्श क्षेत्रमा नियमावली अत्यावश्यक छ । विद्यार्थी र परामर्शदाताबीच सूचना, ज्ञान, अनुभव र प्रभावको समानता हुँदैन । विद्यार्थीले परामर्शदाताले दिएको सूचनामाथि विश्वास गरेर आफ्नो जीवनको महत्त्वपूर्ण निर्णय गर्न सक्छ । त्यसैले यो सम्बन्ध सामान्य व्यापारिक कारोबारभन्दा बढी संवेदनशील हुन्छ । प्रस्तावित नियमावलीमा परामर्शदाता, विद्यार्थी तथा अभिभावक, नेपालमा रहेका वा विदेशमा रहेका शैक्षिक प्रदायक तथा विश्वविद्यालय, सम्बन्धित सरकारी निकाय र अन्य प्राथमिक सरोकारवालाको भूमिका, जिम्मेवारी, अधिकार, सीमा र उत्तरदायित्व स्पष्टरूपमा निर्धारण गर्न सकिएमा धेरै सम्भावित समस्या समाधान गर्न सकिन्छ ।

कम्तीमा पनि परामर्शदाताले सही र प्रमाणित सूचना दिने, गोपनीयता कायम गर्ने, स्वार्थको द्वन्द्व भए खुलासा गर्ने, सत्य र गैरभ्रामक प्रचार गर्ने, आफ्नो पेसागत क्षमताको सीमाभित्र रहेर सेवा दिने, आवश्यक अभिलेख राख्ने, विद्यार्थीको स्वायत्तताको सम्मान गर्ने र विद्यार्थीको हितलाई व्यावसायिक स्वार्थभन्दा माथि राख्ने दायित्व नियमावलीमा स्पष्ट हुनुपर्छ । परामर्शदाताले आफूलाई थाहा नभएको कुरा थाहा भएजस्तो गर्नु हुँदैन । कुनै संस्थाको कमजोरी थाहा हुँदाहुँदै लुकाउनु हुँदैन । 'कमिसन' वा अन्य व्यावसायिक लाभका कारण विद्यार्थीका लागि अनुपयुक्त विकल्पलाई उपयुक्त भनेर प्रस्तुत गर्नु हुँदैन । विद्यार्थीको निर्णयक्षमतामाथि आफ्नो व्यावसायिक स्वार्थका कारण प्रभाव पार्नु हुँदैन त्यसैले नियमावली पेसालाई अनावश्यक नियन्त्रण गर्ने अतिरिक्त बोझ होइन; पेसागत विश्वासलाई संस्थागत गर्ने आधार हुनुपर्छ ।

## स्पष्ट भूमिकाको खाँचो

परामर्शदाताले विद्यार्थीलाई सही सूचना दिन सक्छ, उपयुक्त पाठ्यक्रम छनोटमा सहयोग गर्न सक्छ र सत्यमा आधारित प्रचार गर्न सक्छ । तर अफर लेटर, विश्वविद्यालयको प्रवेश निर्णय, भिसा, अध्यागमन, विदेशी कानुन, दूतावासको निर्णय वा विद्यार्थी विदेश पुगेपछिको व्यक्तिगत व्यवहार परामर्शदाताको पूर्ण नियन्त्रणमा हुँदैन । यही कारणले परामर्शदाताको कर्तव्य र उसको नियन्त्रणको सीमा स्पष्ट नभई केवल परिणामका आधारमा दायित्व निर्धारण गर्नु न्यायोचित हुँदैन ।

परामर्शदाताले कुनै विश्वविद्यालय वा कलेजको अफर लेटरको ग्यारेन्टी गर्न सक्दैन । उसको मुख्य भूमिका विद्यार्थीलाई करियर मार्गदर्शन, शिक्षा प्रणाली, पाठ्यक्रम, संस्थागत आवश्यकता, भिसा प्रक्रियासम्बन्धी उपलब्ध जानकारी, सम्बन्धित देशको अर्थतन्त्र, भूगोल, जलवायु तथा अन्य सान्दर्भिक विषयमा सही र वस्तुगत जानकारी उपलब्ध गराउनु हो । अन्तिम निर्णय सम्बन्धित शैक्षिक संस्था वा सरकारी निकायले गर्ने हो त्यसैले कर्तव्यसँगै नियन्त्रणको सीमा र उत्तरदायित्वको सीमा पनि स्पष्ट हुनुपर्छ । कुनै परामर्शदाताले विद्यार्थीलाई नबुझी, उसको क्षमता र हितविपरीत, केवल आफ्नो व्यावसायिक स्वार्थका कारण कुनै विकल्प जबरजस्ती थोपर्छ भने त्यो परामर्शको मूल मर्मविपरीत हुन्छ ।



## कस्तो नियमन आवश्यक ?

नेपालको संविधानले पेसागत स्वतन्त्रता र सार्वजनिक हितबीच सन्तुलन खोज्ने आधार दिएको छ । धारा १७ (२) (च) ले पेसा, रोजगार, उद्योग, व्यापार तथा व्यवसाय सञ्चालन गर्ने स्वतन्त्रतालाई मौलिक हकका रूपमा स्वीकार गरेको छ भने कानुनद्वारा उचित सर्त वा योग्यता निर्धारण गर्न सकिने आधार पनि रहेको छ । त्यसैले संवैधानिक प्रश्न 'नियमन गर्न मिल्छ कि मिल्दैन' मात्र होइन । नियमनको उद्देश्य, कानुनी आधार, आवश्यकता, औचित्य र त्यसबाट सिर्जना हुने भारबीच उचित सम्बन्ध छ कि छैन भन्ने पनि हो । त्यसैगरी, संविधानको धारा ४४ ले उपभोक्ताको हकलाई संवैधानिक संरक्षण दिएको छ । उपभोक्ता संरक्षण ऐन, २०७५ ले पनि गुणस्तरीय सेवा, छनोट, सूचना तथा अनुचित व्यापारिक अभ्यासविरुद्धको संरक्षणलाई महत्त्व दिएको छ । त्यसैले गलत सूचना दिने, विद्यार्थीलाई झुक्याउने वा जानाजानी अनुचित व्यावसायिक अभ्यास गर्ने संस्था वा व्यक्तिमाथि प्रभावकारी कारबाही हुनु आवश्यक छ ।

मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ अन्तर्गत ठगीका लागि धोका, बेइमानी वा झुक्याई हानि पुऱ्याउने वा अनुचित लाभ प्राप्त गर्ने तत्व आवश्यक हुन्छ । असल नियतले दिइएको पेसागत परामर्श सफल नभएको अवस्था र जानाजानी गरिएको ठगी वा गलत प्रस्तुतीकरणलाई एउटै स्तरमा राख्नु उचित हुँदैन । त्यस्तै, मुलुकी देवानी संहिता, २०७४ को दायित्वसम्बन्धी व्यवस्थाले पनि कर्तव्य र दायित्वबीच सम्बन्ध स्थापित गर्छ । दफा ४९३, ४९५, ४९९ र ५०० का व्यवस्थाबाट हेर्दा जसको जुन दायित्व हो, त्यही आधारमा त्यसको पालना र त्यसबाट उत्पन्न हुने हानि नोक्सानीको उत्तरदायित्व निर्धारण हुने आधार देखिन्छ । यही दृष्टिले प्रस्तावित नियमावली, २०८३ लाई हेर्दा यसको उद्देश्यप्रति असहमति गर्नुपर्ने कारण छैन । विद्यार्थीको हित संरक्षण, सेवा गुणस्तर, पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्नु राज्यको वैध जिम्मेवारी हो तर उद्देश्य राम्रो हुँदैमा उद्देश्य प्राप्त गर्ने प्रत्येक माध्यम स्वतः उचित हुन्छ भन्ने हुँदैन ।

## धरौटी र ग्रेडिङको प्रश्न

प्रस्तावित नियमावलीमा २५ लाख रूपैयाँ धरौटीको विषयमा बहस गर्दा 'धरौटी चाहिन्छ' वा 'चाहिंदैन' भनेरमात्र निष्कर्षमा पुग्नु पर्याप्त हुँदैन । वास्तविक प्रश्न हो २५ लाख नै किन ? यसले कुन पहिचान गरिएको जोखिमलाई सम्बोधन गर्छ ? विद्यार्थीको आर्थिक सुरक्षा, क्षतिपूर्ति, सेवा गुणस्तर वा अन्य कुनै नियामक उद्देश्य ? यदि विद्यार्थीको सुरक्षा मुख्य उद्देश्य हो भने त्यसका लागि अन्य कम भार पर्ने विकल्प पनि हुन सक्छन् कि सक्दैनन् भन्ने विषयमा अध्ययन आवश्यक हुन्छ । बिमा, बैंक ग्यारेन्टी, संरक्षण कोष वा अन्य जोखिममा आधारित व्यवस्थाजस्ता विकल्पले पनि सोही उद्देश्य पूरा गर्न सक्छन् भने तिनको तुलनात्मक अध्ययन गर्नु नियमनलाई कमजोर बनाउनु होइन; अझ प्रभावकारी बनाउनु हो ।

ग्रेडिङको अवधारणा आफैंमा गलत होइन तर त्यसका वस्तुगत मापदण्ड, निर्णय प्रक्रिया, कारणसहितको निर्णय, पुनरवलोकन तथा अपिलको अधिकार स्पष्ट हुनुपर्छ । नत्र गुणस्तर सुधारका लागि ल्याइएको प्रणाली प्रशासनिक विवेकाधिकारको माध्यम बन्न सक्ने जोखिम रहन्छ । सबैभन्दा महत्त्वपूर्ण कुरा पहिले अधिकार र जिम्मेवारी, त्यसपछि दायित्व र सजाय हुनुपर्छ । कानुनी भूमिका नै स्पष्ट नभएको अवस्थामा धरौटी, क्षतिपूर्ति, इजाजत रद्द वा अन्य कठोर दायित्व निर्धारण गर्दा कानुनी निश्चितता र न्यायोचितताको प्रश्न उठ्न सक्छ ।

## अबको बहस विद्यार्थीकेन्द्रित

अबको बहस 'नियमावली चाहिन्छ कि चाहिंदैन ?' भन्ने तहमा रोकिनु हुँदैन । नियमावली चाहिन्छ तर कस्तो नियमावली चाहिन्छ भन्ने प्रश्न अझ महत्त्वपूर्ण छ । अहिलेको अवसरलाई विद्यार्थीकेन्द्रित करियर मार्गदर्शन, जिम्मेवार परामर्श सेवा र सचेत अभिभावक निर्माण गर्ने अवसरका रूपमा लिन सकिन्छ । यसका लागि नियमावली निर्माण वा संशोधनको प्रक्रियामा विद्यार्थी, अभिभावक, परामर्शदाता, शैक्षिक प्रदायक र सम्बन्धित सरकारी निकायजस्ता सरोकारवालाको अर्थपूर्ण सहभागिता आवश्यक हुन्छ ।

नियमावलीले विद्यार्थीलाई केवल सम्झौता गराउने होइन, उसलाई सही सूचना र स्वतन्त्र निर्णयको अधिकार सुनिश्चित गराउनुपर्छ, जसले परामर्शदातालाई मात्र उत्तरदायी बनाउने होइन, सूचना उत्पादन र प्रवाहमा संलग्न सबै पक्षको भूमिका स्पष्ट गरोस् । गलत गर्ने व्यक्तिमाथि प्रभावकारी कारबाही गरोस् तर असल नियतले आफ्नो पेसागत कर्तव्य पूरा गर्ने व्यक्तिलाई आफ्नो नियन्त्रणबाहिरको परिणामको दोषी नबनाओस् । शैक्षिक परामर्शलाई व्यवसायबाट पूर्णरूपमा अलग गर्न खोज्नु पनि व्यावहारिक हुँदैन । कार्यालय, कर्मचारी, प्रविधि, तालिम र सेवा सञ्चालनका लागि आर्थिक स्रोत आवश्यक हुन्छ । आम्दानी हुनु आफैंमा गलत होइन । गलत त्यतिबेला हुन्छ, जब आम्दानीले पेसागत निर्णयलाई निर्देशित गर्न थाल्छ ।

विद्यार्थीका लागि अनुपयुक्त विकल्प केवल बढी कमिसन आउने कारणले उपयुक्त बनाइन्छ भने त्यहाँ परामर्श क्रमशः बिक्री प्रणालीमा बदलिन सक्छ । यही जोखिम रोक्न ठूलो धरौटीभन्दा बलियो आधार आचारसंहिता, पारदर्शिता, स्वार्थको द्वन्द्वको खुलासा, सत्यापनयोग्य सूचना, पेसागत योग्यता, अभिलेखीकरण र लक्षित अनुगमन हुनसक्छ ।

राम्रो नियमावलीले कुनै एउटा पक्षलाई मात्र नियन्त्रण गर्दैन । यसले विद्यार्थी, अभिभावक, परामर्शदाता, शैक्षिक प्रदायक र राज्यबीच अधिकार, कर्तव्य, सीमा र उत्तरदायित्वको स्पष्ट सम्बन्ध निर्माण गर्छ । प्रस्तावित नियमावलीको मूल उद्देश्य कसैलाई कमजोर बनाउने होइन, गलत अभ्यास रोक्दै जिम्मेवार परामर्श सेवाको स्तर माथि उठाउने हुनुपर्छ । पहिले सेवा र उद्देश्य स्पष्ट गर्ने, त्यसपछि सरोकारवालाको भूमिका र जिम्मेवारी निर्धारण गर्ने, त्यसपछि पेसागत आचारसंहिता र मापदण्ड बनाउने अनिमात्र दायित्व, धरौटी, प्रतिबन्ध र दण्डको व्यवस्था गर्ने क्रमले नियमावलीलाई केवल नियन्त्रणको दस्तावेज होइन, शैक्षिक परामर्श क्षेत्रलाई विश्वसनीय, जिम्मेवार र प्रतिष्ठित पेसागत सेवाका रूपमा विकास गर्ने आधार बनाउन सक्छ । विद्यार्थीको अधिकार, पेसागत स्वतन्त्रता र राज्यको नियामक जिम्मेवारीबीच न्यायोचित सन्तुलन कायम गर्ने राम्रो नियमावली निर्माण गर्नु आजको आवश्यकता हो । *रासस*



**नागको चित्र** | भक्तपुर नगरपालिका–६ याछेँटोलकी स्थानीय चेतकुमारी चित्रकार आउँदै गरेको नागपञ्चमीका दिन घरघरमा टाँसिने नागको चित्रमा परम्परागत शैलीमा रंगरोगन गर्दै । *तस्बिरः रासस*

# बागलुङमा विपद्ः आठ घरमा क्षति, ४० उच्च जोखिममा

**बागलुङ–** बागलुङ जिल्लाको पश्चिममा पर्ने निसीखोला गाउँपालिकामा विपद्का कारण आठ घरमा क्षति पुगेको छ भने ४० उच्च जोखिममा परेका छन् । मनसुन सक्रिय भएसँगै निसीखोला गाउँपालिका–२ धाराटोलमा पहिरो खस्दा आठ घरमा क्षति पुगेको हो ।

निसीखोलाका ४० घर पहिरोको उच्च जोखिममा परेका निसीखोला–२ का वडाध्यक्ष कुवीर विश्वकर्माले जानकारी दिए । पहिरोले कतिपय स्थानीयका घर, गोठ तथा शौचालयमा आंशिक क्षति पुऱ्याएको जनाउँदै उनले घरको पाली भत्किने, छानो उप्कने, घर चर्किनेलगायत क्षति पुगेको बताए ।

पहिरोका कारण धाराटोलका धनबहादुर खत्री, राजन परियार, हरिकला घर्ती, दीपक परियार, तारा घर्ती, ज्ञानबहादुर परियार, देविराम घर्ती र तिका घर्तीको घरमा क्षति पुगेको छ भने ४० घर पहिरोको उच्च जोखिममा परेका छन् । उपल्लो बेंग्रीको पहिरोका कारण बस्तीमा थप जोखिम बढेको वडाध्यक्ष विश्वकर्माले बताए ।

लगातार वर्षा भइरहेकाले पहिरो थप खस्नसक्ने सम्भावना रहेको भन्दै जोखिममा रहेका परिवारलाई सतर्क रहन उनले आग्रह गरे । उनका अनुसार काल्नेचौर, उपल्लाबेंग्री, हाडीचार र बासखोला सडकखण्डमा पनि पहिरो झरेर बस्ती जोखिममा परेका छन् । *रासस*

# दाजुभाइको दीर्घायुको कामना गर्दै मनाए रानाथारू महिलाले तिज



**कञ्चनपुर–** छुट्टै पहिचान र मौलिक संस्कृति रहेको रानाथारू समुदायका महिलाहरूले दाजुभाइ तथा भतिजाहरूको दीर्घायुका लागि व्रत बसेर तिज पर्व उल्लासका साथ मनाएका छन् ।

कैलाली र कञ्चनपुरमा बसोबास गर्ने रानाथारू समुदायको प्रमुख पर्व तिज पृथक तरिकाले मनाउने गरेका छन् । अन्य समुदायले तिज पर्व भाद्र शुक्ल तृतीयाका दिन मनाउने प्रचलन रहिआएको भए पनि रानाथारू समुदायले श्रावण शुक्ल तृतीयाका दिन तिज मनाउने प्रचलन रहिआएको छ । राना समुदायमा तिज पर्व आउन १५ दिनअगावै दिदीबहिनीको घरमा गएर निम्ता दिने प्रचलन छ ।

पन्ध्र दिनअघि नै गाउँमा सावनकी डोला अर्थात् पिङ हाल्ने प्रचलन रहिआएको रानाथारू समुदायका जानकार भीमदत्त नगरपालिका–१४ का पर्शुराम रानाले जानकारी दिए । उनका अनुसार तिजका दिन व्रतालु महिलाहरूले रानाथारू समुदायका विभिन्न परिकार पुरी, पापड, सेमइ, पकौडा, गुलगलालगायतका विशेष परिकार पकाएर चेलीबेटीसँगै छिमेकी र आफन्तलाई समेत खुवाउने गरेको बताए ।

रानाथारू समुदायको सबैभन्दा ठूलो पर्व तिजमा दाजुभाइको दीर्घायु, सुख, समृद्धि र प्रगतिको कामना गर्दै व्रत बस्ने गरेको कञ्चनपुरको भीमदत्त नगरपालिका–१४ नयाँ बस्तीकी केशमती रानाले बताइन् । 'तिजमा हामीहरू पानीसमेत नखाएर निराहार व्रत बस्छौं, साँझपख कुसको गाँठो पारेर त्यसलाई चाँदीको सिक्काले काटेर नदीमा बगाउँछौं,' रानाले भनिन्, 'जसरी नदीको लामो भार हुन्छ त्यति नै लामो आयु हाम्रो दाइभाइको होस् भनेर कामना गर्छौं ।' उनका अनुसार नदीमा कुस बगेर जति तलसम्म जाने गर्दछ, दाइभाइको आयु त्यति नै लामो हुने गरेको धार्मिक विश्वास छ ।

तिजमा विवाहित महिलाहरूसमेत यतिबेला माइतमा आएर रमाइलो गर्ने गरेका छन् । रानाथारू समुदायको महिलाले आ–आफ्नो माइतमा बसेर व्रत बसी तिज पर्व मनाउनुका साथै दाजुभाइ र भतिजाहरूको दीर्घायुको कामना गर्दै पिङ खेलेर रमाइलो गर्ने गरेको भीमदत्त नगरपालिका–१६ का सोमन राना बताउँछन् । 'साउन महिनाको सुरुमा गाउँमा पिङ राखेर रमाइलो गर्छौं, तिजको दिन दाजुभाइको दीर्घायुका लागि व्रत बस्ने गर्दछौं,' उनले भने, 'यस अवसरमा आफन्तलाई घरमा बोलाएर विभिन्न परिकार खुवाउने चलन छ ।'

यस पर्वलाई खेतीपातीको काम सकिएपछि थकाइ मेटाउने पर्वका रूपमासमेत मनाउने गरिएको रानाथारू समुदायका जानकारहरू बताउँछन् । साउनभर मनाउने सावनकी डोला पर्वको क्रममा तिज मनाउँछन् । सावनकी डोला (पिङ)मा काठका खम्बाबाट बनाइन्छ, तर पछिल्लो समय जंगलबाट काठ ल्याउन प्रतिबन्ध भएपछि पिङ अर्थात् साउनको डोला राख्न निकै सकस हुने गरेको भीमदत्त नगरपालिका–१४ की स्थानीय वसन्ती रानाले बताइन् ।

'अहिले दुईवटा खम्बा फलामका बनाएर पिङ (साउनको डोला) निर्माण गरेका छौं,' रानाले भनिन्, 'काठको खम्बासँगै आवश्यक रस्सी जीर्ण हुँदै गएको छ हामीले निकुञ्जसँग माग गरिराखेका छौं ।' छुट्टै पहिचान र मौलिक संस्कृति रहेको यो समुदायमा तिज पर्व पछिल्लो समय नयाँ पुस्ताकोसमेत रोजाइमा पर्न थालेको उनी बताउँछिन् । *रासस*

# मुस्ताङ प्रदेश अस्पतालको एम्बुलेन्स आफैं बिरामी

**मुस्ताङ–** मुस्ताङको एकमात्र २५ शयचाको प्रदेश अस्पताल जोमसोममा रहेको एम्बुलेन्स १५ वर्ष पुरानो छ । यो जीर्ण हुँदा गम्भीर बिरामीलाई अन्यत्र उपचारका लागि लैजान समस्या हुने गरेको छ ।

अस्पतालकी मेडिकल सुपरिटेन्डेन्ट डा. समीक्षा कँडेलका अनुसार एम्बुलेन्स पटक–पटक बिग्रिने भएकाले अस्पतालभित्रै बिरामी ओसारपसार गर्नसमेत समस्या हुने गरेको छ । 'अस्पतालसँग एउटा एम्बुलेन्स भए पनि त्यो नाम मात्रैको छ,' उनले भनिन् ।

प्राकृतिक विपद्, दुर्घटना तथा अन्य कारणले गम्भीर बिरामीलाई पोखरा तथा अन्य सुगम स्थानका अस्पतालमा रिफर गर्नुपर्दा भरपर्दो एम्बुलेन्स नहुँदा समस्या जटिल हुने गरेको उनले बताइन् । नयाँ एम्बुलेन्स उपलब्ध गराउन प्रदेश सरकारअन्तर्गत स्वास्थ्य मन्त्रालयको आपूर्ति शाखासँग दुई वर्षदेखि पटक–पटक माग गरिए पनि हालसम्म प्राप्त नभएको उनले दुखेसो गरिन् । अस्पताल नजिकै रहेको घरपझोङ गाउँपालिकाको एम्बुलेन्स पनि बिग्रिएर थन्किएपछि बिरामीलाई समस्या थपिएको छ । गाउँपालिकाका स्वास्थ्य संयोजक कर्णबहादुर थकालीले गाउँपालिकासँग एउटा एम्बुलेन्स भए पनि हाल सञ्चालनमा नरहेको स्वीकार गरे ।

मुस्ताङका पाँच स्थानीय तहमध्ये चार वटामा आठ वटा एम्बुलेन्स भए पनि आधामात्र सञ्चालनमा छन् । वारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा भने एउटा पनि एम्बुलेन्स छैन । उपल्लो मुस्ताङका लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाका रहेका एम्बुलेन्स भने सुचारुरूपले चलेका छन् । *रासस*

# वर्षायाममा सहज बन्न सकेन बेँसीसहर–चामे सडक

**मनाङ–** डुम्रे–बेँसीसहर–चामे सडकको ट्रयाक खोलिएको करिब तीन दशक बढी भयो । यस सडकको लमजुङतर्फको सडक अझैसम्म पनि सहज बनाउन सकिएको छैन । डुम्रे–बेँसीसहर–चामे सडक आयोजनाले निर्माण तथा मर्मतको काम गर्दै आएको भए पनि अपेक्षाकृत काम भने हुन सकेको छैन ।

सडक आयोजनालेमात्रै काम गर्दा पूरा नहुँदा स्थानीयवासीका साथै पर्यटकीय क्षेत्र मनाङ पुग्न सास्ती भोग्नुपर्ने बाध्यता रहेको छ । हिउँदयाममा कच्ची सडकमा सहज यात्रा गर्न सकिन्छ भने वर्षायाममा सकस हुने गरेको छ । वर्षायाममा मनाङको मेरुदण्ड (लाइफलाइन) तथा एकमात्र स्थलमार्गको रूपमा रहेको सडक जोखिम भए पनि सहज यात्रा गर्न सकिने अवस्था नरहेको स्थानीय फुर्पा लामाले बताए ।

'सधैं ठाडो खोला तथा खहरे खोला बढेर आउँदा मनाङ आवतजावत गर्न मुस्किल हुन्छ,' लामाले भने, 'मनाङतर्फ भन्दा पनि लमजुङतर्फको सडक बढी अवरुद्ध हुने समस्या छ । लमजुङका खहरे खोलाले यात्रालाई सकस बनाउने गरेको छ ।'

रैदु खोला, श्रीचौरमा खहरे खोला बढेर आउँदा वारपार गर्न सक्ने अवस्था नै नभएको उनले बताए । 'बिरामी भए अस्पताल पुग्न समस्या हुन्छ । यस्तो कहिलेसम्म सास्ती भोग्नुपर्ने खै ?,' लामाले भने, 'केही ठाउँमा अपर मर्स्याङ्दी जलविद्युत् आयोजनाले खोलामा ह्युमपाइप राखेर सजिलो बनाएको छ ।' बाढी, पहिरोले मनाङ यात्रालाई सकस बनाउँदै आएको छ ।

बेँसीसहर–चामे सडक खण्डअन्तर्गत लमजुङ मर्स्याङ्दी गाउँपालिका–४ रैदु खोलामा बाढी आउँदा शनिबार करिब आठ घण्टा यातायात अवरुद्ध भएको थियो । आवतजावत अवरुद्ध भएपछि आयोजनाले ह्युमपाइप राखेर सडक सञ्चालनमा ल्याएको मनाङका सहायक प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद पौडेलले जानकारी दिए ।

'वर्षा निरन्तर भइरहेको अवस्था छ । अझै पनि ती क्षेत्रमा जोखिम छ,' सूचना अधिकारीसमेत रहेका पौडेलले भने, 'दीर्घकालका लागि नभए पनि केही समय आवतजावतमा सहज भएको जानकारी पाएका छौं । यात्रा गर्दा भने सडकका बारेमा जानकारी लिएरमात्र गर्न सम्पूर्णमा अनुरोध गर्दछौं ।' शुक्रबार राति परेको वर्षाका कारण बाटो अवरुद्ध भएको थियो । श्रीचौरमा ठूलो पहिरोले बाटो अवरुद्ध हुँदा मनाङ आउने र बेँसीसहर जाने यात्रुले सास्ती भोग्नुपरेको थियो । *रासस*

# उत्पादनमुखी वृक्षरोपणले बदलिँदै कैलालीका सामुदायिक वन

**धनगढी–** कैलालीका सामुदायिक वनमा खाली तथा कम उपयोग भएका भूभागलाई सदुपयोग गर्दै काठ, फलफूल, जडीबुटी, घाँस तथा बहुउपयोगी प्रजातिका बिरुवा रोप्न थालिएको छ । संरक्षणसँगै वनबाट उपभोक्ताको दैनिक आवश्यकता पूरा गर्ने र भविष्यमा आयआर्जनको आधार बनाउने उद्देश्यले उत्पादनमुखी वृक्षरोपणलाई प्राथमिकता दिन थालिएको हो ।

घोडाघोडी नगरपालिका–८ को जरही सामुदायिक वनमा पनि पछिल्लो समय यस्तै प्रयास भइरहेको छ । कुनै समय गिट्ठा, असारे, रुइनी, भिल्लरलगायतका बुटचानले ढाकिएको र अतिक्रमणको समस्या रहेको वन क्षेत्रमा अहिले विभिन्न प्रजातिका बिरुवा हुर्किरहेका छन् ।

स्थानीयको सहभागितामा वि.सं. २०५६ मा सामुदायिक वनका रूपमा स्थापित जरहीमा वन संरक्षणसँगै वृक्षरोपणका काम अघि बढाइएको हो । सामुदायिक वन स्थापना हुनुअघि वन क्षेत्रमा अतिक्रमण गरी घरटहरा बनाउने र गाईवस्तु चराउने क्रम रहेको सामुदायिक वनका पूर्वअध्यक्ष वीरबहादुर साउद बताउँछन् ।

सामुदायिक वन स्थापना भएपछि घेराबार, अतिक्रमण नियन्त्रण तथा संरक्षणका गतिविधि अघि बढे पनि सुरुआती वर्षमा आम्दानी न्यून हुँदा संरक्षणका काम प्रभावकारीरूपमा सञ्चालन गर्न कठिन भएको साउदले बताए । आर्थिक वर्ष २०७६/७७ मा जरही सामुदायिक वनलाई वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमअन्तर्गत व्यवस्थापन गर्ने प्रक्रिया अघि बढाइएको थियो । सोहीअनुसार पहिलो वर्ष वन कटान पनि गरियो तर वैज्ञानिक वन व्यवस्थापन कार्यविधि खारेज भएपछि व्यवस्थापनको काम प्रभावित भएको सामुदायिक वनका अध्यक्ष कपुर साउद बताउँछन् । कार्ययोजना नहुँदा केही समय वन क्षेत्र अलपत्रजस्तै बने पनि अहिले नयाँ कार्ययोजना निर्माण गरी व्यवस्थापनलाई प्रभावकारी बनाउने तयारी भइरहेको उनले बताए । यसका लागि डिभिजन वन कार्यालय पहलमानपुरसँग समन्वय भइरहेको उनको भनाइ छ ।

जरही सामुदायिक वनले पछिल्लो समय अनावश्यक बुटचान हटाएर खाली भएका स्थानमा वृक्षरोपणलाई प्राथमिकता दिएको छ । नदीको बगर क्षेत्रमा फैलिएका गिट्ठा, असारे, गुइँठेललगायतका बुटचान हटाएर वृक्षरोपण गरिएको अध्यक्ष साउदले बताए । उनका अनुसार गत आर्थिक वर्ष २०८०/८१ देखि नियमित रूपमा वृक्षरोपण भइरहेको छ । केही वर्षअघि रोपिएका टिक र मसलाका बिरुवा हुर्किसकेका छन् भने पछिल्लो समय १० बिघाभन्दा बढी क्षेत्रमा श्रीखण्ड, रक्तचन्दन, रुद्राक्ष, शीतलचिनी, दालचिनी, अमला, नेपियर घाँस, कागती, बाँस, बकाइनो, कोइरालोलगायतका प्रजातिका बिरुवा रोपिएका छन् ।



जरहीमामात्र नभई कैलालीका अन्य सामुदायिक वनमा पनि खाली तथा कम उपयोग भएका क्षेत्रलाई सदुपयोग गर्दै वृक्षरोपण र संरक्षणका गतिविधि अघि बढाइएको छ । कैलालीको उदासीपुर सब डिभिजन वन कार्यालयअन्तर्गतका १८ वटा वन क्षेत्रमा पाँच हजारका दरले एक लाख बिरुवा रोपिएको वन अधिकृत मनोज ढकालले जानकारी दिए । खाली तथा उपयोगविहीन क्षेत्रको सदुपयोग गर्ने उद्देश्यले विभिन्न प्रजातिका बिरुवा रोपिएको उनले बताए ।

त्यसैगरी, कैलारी गाउँपालिका–७ को बसन्ता सामुदायिक वन, कैलारी–२ को लाललमटिया वन, गौरीगंगा नगरपालिकाको पञ्चवटी सामुदायिक वन र कैलारी गाउँपालिकाको धनमेलिया वन गरी करिब २५ हेक्टर क्षेत्रमा बेतबाँसका सात हजार बिरुवा रोपिएको ढकालले जानकारी दिए । बेतबाँसको वृक्षरोपणबाट वनको हरियाली बढ्नाका साथै स्थानीयस्तरमा उपयोग र आयआर्जनको सम्भावना बढ्ने अपेक्षा गरिएको छ ।

फूलबारी सब डिभिजन वन कार्यालयअन्तर्गतका विभिन्न वन क्षेत्रमा पनि वृक्षरोपणका कार्यक्रम सञ्चालन गरिएको वन कार्यालयले जनाएको छ । काठजन्य प्रजातिसँगै फलफूल, जडीबुटी, घाँस, बाँस र बेतबाँसजस्ता बहुउपयोगी प्रजातिलाई प्राथमिकता दिन थालिएपछि सामुदायिक वन संरक्षणसँगै स्थानीय आवश्यकता र जीविकोपार्जनसँग जोडिन थालेका छन् ।

जरही सामुदायिक वनकी उपभोक्ता सीता चौधरीले वनबाट घाँस काट्न पाउने भएपछि आफूहरूलाई सहज भएको बताए । वन क्षेत्रमा रोपिएका फलफूल, जडीबुटी तथा अन्य बहुउपयोगी प्रजातिले भविष्यमा उपभोक्ताको आयआर्जनमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

डिभिजन वन कार्यालय पहलमानपुरका प्रमुख जनक पाध्याले जरही सामुदायिक वनले गरेको वृक्षरोपण र संरक्षणको काम उदाहरणीय रहेको बताए । प्राविधिक सल्लाह र सहयोगसँगै उपभोक्तामा संरक्षण गर्ने इच्छाशक्ति भए अनावश्यक बुटचानले ढाकिएको क्षेत्रलाई उपयोगी र हराभरा बनाउन सकिने उनको भनाइ छ । 'अहिले गरिएको वृक्षरोपणले भविष्यमा यो क्षेत्र सबैका लागि अध्ययन गर्न सकिने उदाहरणीय वन बन्न सक्छ,' उनले भने, 'आगामी दिनमा यसलाई अध्ययन केन्द्रका रूपमा पनि विकास गर्न सकिने सम्भावना छ ।'

नदीको बगरदेखि चुरे क्षेत्रसम्म फैलिएको जरही सामुदायिक वनमा देखिएको परिवर्तनले सामुदायिक सहभागिता र निरन्तर व्यवस्थापनबाट वनको स्वरूप परिवर्तन गर्न सकिने देखाएको छ । कैलालीका अन्य वन क्षेत्रमासमेत खाली तथा कम उपयोग भएका भूभागमा वृक्षरोपण विस्तार भइरहेका बेला संरक्षणसँगै उत्पादनमुखी वन व्यवस्थापनले उपभोक्ताको जीविकोपार्जन र आयआर्जनमासमेत योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । *रासस*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – ३०५२०० | प्रति तोला – ० | प्रति तोला – ४७१० |



**निगुरो व्यापार** | सुनसरीको कोशी गाउँपालिका-८ भन्टाबारीमा बिक्रीका लागि ल्याइएको निगुरो । कोशी टप्पु क्षेत्र तथा भारतबाट ल्याइएको निगुरो यहाँबाट दैनिक काठमाडौंको कालीमाटी बजारमा पठाउने गरिएको व्यापारी रामबहादुर गुप्ताले जानकारी दिए । *तस्बिर: रासस*

## 'अर्थतन्त्रलाई चलायमान बनाउन निजी क्षेत्रलाई प्रोत्साहन आवश्यक'

■ **प्रभाव संवाददाता**

**ललितपुर–** नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष एवं ग्लोबल आईएमई बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले व्यावसायिक गतिविधि बढाउन र अर्थतन्त्रलाई चलायमान बनाउन निजी क्षेत्रलाई प्रोत्साहन गर्न आवश्यक भएको बताएका छन् ।

नेपाल-कोरिया उद्यमी व्यवसायी संघको आयोजनामा आइतबार ललितपुरमा भएको 'नेपाल-कोरिया व्यावसायिक अन्तरक्रिया कार्यक्रम'लाई सम्बोधन गर्दै पूर्वअध्यक्ष ढकालले नेपालमा जुनसुकै क्षेत्रमा पनि लगानी गरेर उपलब्धि हासिल गर्न सकिने सम्भावना रहेको उल्लेख गर्दै सीप, प्रविधि र जाँगरलाई प्रोत्साहन गर्न व्यावसायिक गतिविधिलाई प्रोत्साहन गर्नुपर्ने बताए ।

'कोरियाले छोटो समयमा विश्वकै शक्तिशाली अर्थतन्त्र निर्माण गर्न सक्नुको कारण कामप्रतिको लगाव, इमानदारी, नैतिकता, समयको परिपालन नै हो, जति धेरै निजी क्षेत्रलाई प्रोत्साहन गर्छौं, त्यति धेरै रोजगारी र राजस्व संकलन हुन्छ, उत्पादनमा होस् वा नवप्रवर्तन र उद्यमशीलता विकासमा होस्, हरेक कुरालाई प्रवर्द्धन गर्न बाँकी छ, विदेश जानुपर्ने अवस्था अन्त्य गर्न यहाँ रोजगारी सिर्जना गर्नु आवश्यक छ,' पूर्वअध्यक्ष ढकालले भने ।

नेपालमा नकारात्मक भाष्यमात्रै निर्माण भइरहेको अवस्थामा नेपाल उद्योग वाणिज्य महासंघमार्फत सम्भावना र सकरात्मक सन्देश दिन प्रयत्न गरेको उनले बताए । नेपाल-कोरिया उद्यमी व्यवसायी संघले नेपाल र कोरियाबीचको आर्थिक गतिविधि बढाउन पुलको रूपमा काम गर्ने विश्वास व्यक्त गरे ।

नेपालका लागि दक्षिण कोरियाका राजदूत पार्क तेयोङले यस किसिमको अन्तरक्रियाले कोरियाली सीपमार्फत रोजगारी प्रवर्द्धन, उद्यमशीलता विकास, राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउन महत्त्वपूर्ण भूमिका खेल्ने धारणा राखे । उनले कोरिया र नेपालबीच सम्बन्ध सुमधुर रहेको उल्लेख गर्दै कोरियाली कम्पनीहरू नेपालमा दक्ष जनशक्तिको विकासका लागि सूचना प्रविधिको क्षेत्रमा लगानी गर्न इच्छुक रहेको धारणा राखे ।




नेपाल उद्योग वाणिज्य महासंघका कार्यसमिति सदस्य एवं रोजगार परिषद्का उपाध्यक्ष बाबुकाजी कार्कीले नेपालमा दुईतिहाइको नजिकैको बहुमत प्राप्त सरकार रहेकाले उद्यमशीलता, रोजगारी प्रवर्द्धनका क्षेत्रमा स्थायित्वका साथै प्रभावकारी नीतिगत व्यवस्था गर्ने विश्वास व्यक्त गरे । उनले राष्ट्रिय रोजगारीमा ८६ प्रतिशत र अर्थतन्त्रमा ८१ प्रतिशत योगदान रहेको बताउँदै सरकारले यसका लागि आवश्यक सुधार गर्दै विश्वसनीय वातावरण तयार गर्नुपर्नेमा जोड दिए ।

नेपाल-कोरिया उद्यमी व्यवसायी संघका वरिष्ठ उपाध्यक्ष विकी श्रेष्ठले नेपाल कोरियाबीचको सम्बन्ध श्रम सम्बन्धकोमात्रै नभई अनुभव आदानप्रदान र व्यवसाय तथा व्यापारिक साझेदारीसमेत भएको बताए ।

नेपाल-कोरिया उद्यमी व्यवसायी संघका महासचिव जीतेन्द्र बानियाँले कोरियाबाट फर्किएका नेपालीको सीप, अनुभव र पुँजीलाई नेपालको उत्पादन तथा रोजगारीमा रूपान्तरण गर्दै नेपाल र कोरियामा रहेका उद्यमी, व्यवसायी तथा लगानीकर्तालाई एउटै सञ्जालमा आबद्ध गराउने संघको मुख्य ध्येय रहेको जानकारी गराए । उनले कोरियाली प्रविधि र उत्पादनलाई नेपालमा भित्र्याउन र कोरियाबाट आधुनिक औद्योगिक सीप, संस्कृति, प्राविधिक ज्ञान, र पुँजी आर्जनसहित नेपाल फर्किएका 'रिटर्नी' मा रहेको उद्यमशीलता तथा आर्थिक रूपान्तरणको महत्त्वपूर्ण सम्भावना बोकेका मानव पुँजीलाई नेपालमा उत्पादन, रोजगारीमा प्रोत्साहित गरी व्यवहारमा कार्यान्वयन गरिनुपर्नेमा जोड दिए ।

नेपाल र दक्षिण कोरियाबीचको आर्थिक, व्यावसायिक तथा उद्यमशील सम्बन्धलाई थप सुदृढ बनाउने उद्देश्यले आयोजना गरिएको 'नेपाल-कोरिया व्यावसायिक अवसर, चुनौती र रिटर्नी उद्यमीको भूमिका' विषयक कार्यक्रममा सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधिहरू, बैंक तथा वित्तीय संस्थाका पदाधिकारीहरू, सफल रिटर्नी उद्यमी, व्यवसायी, शिक्षाविद्लगायतको सहभागिता रहेको थियो ।

## युवालाई स्वदेशमै रोक्न रोजगारी र उद्यमशीलतामैत्री वातावरण बनाउन जोड




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** युवालाई स्वदेशमै अवसर सिर्जना गरी विदेसिने बाध्यतालाई रोजाइमा बदल्न शिक्षा, सीप, उद्यमशीलता र उद्योगबीचको खाडल पुर्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन् ।

नेपाल अटोमोबाइल्स इम्पोर्टर्स एन्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा)ले आयोजना गरेको नाइमा मोबिलिटी एक्स्पो २०२६ का अवसरमा 'प्रतिभा भित्र्याउने र कामदार बाहिर पठाउने: प्रक्रियामार्फत नेपालमा शिक्षा, सीप र उद्यमशीलताको खाडल पुर्ने' विषयमा आयोजित संवादमा उनीहरूले यस्तो बताएका हुन् ।

उद्यमी तथा सांसद विदुषी राणाले नेपालबाट विदेसिनु युवाको बाध्यता नभई रोजाइ बन्नुपर्ने बताइन् । नेपालमै उद्योग, सूचना प्रविधि, होटल, अटोमोबाइललगायत क्षेत्रमा पर्याप्त सम्भावना भए पनि नीतिगत जटिलता र अवसरको कमीका कारण युवा विदेसिन बाध्य भएको उनको भनाइ छ । उनले युवालाई स्वदेशमै रोक्न सरकार र निजी क्षेत्रले मिलेर रोजगारी तथा उद्यमशीलतामैत्री वातावरण बनाउनुपर्ने बताइन् । व्यवसाय सुरु गर्न दर्ता, कर, अनुमति र वित्तीय स्रोतका लागि विभिन्न कार्यालय धाउनुपर्ने अवस्थाको अन्त्य गर्दै 'वान विन्डो सिस्टम' लागू गर्नुपर्ने उनको सुझाव छ ।

नाइमा संस्थापक तथा उद्यमी सौरभ ज्योतीले आगामी पाँचदेखि १० वर्षमा नेपालको अटोमोबाइल क्षेत्रलाई 'मेक इन नेपाल'बाट 'मेड इन नेपाल'तर्फ लैजान सकिने बताए । त्यसका लागि एसेम्ब्ली उद्योगसँगै पार्टपुर्जा र कम्पोनेन्टको स्थानीय उत्पादन तथा आपूर्ति शृंखला विकास गर्नुपर्ने उनको भनाइ छ ।

उनले शिक्षा क्षेत्र र निजी क्षेत्रबीच ठूलो खाडल रहेको बताउँदै उद्योगको आवश्यकताअनुसार पाठ्यक्रम विकास गर्नुपर्नेमा जोड दिए । निजी क्षेत्रले ठूलो हिस्सा रोजगारी सिर्जना गरिरहेको उल्लेख गर्दै उद्यमी र लगानीप्रतिको विश्वास तथा सुरक्षाको वातावरण बनाउन सके अर्थतन्त्रले गति लिने उनले बताए ।

थापाथली क्याम्पसका एसोसिएट प्रोफेसर लोचनकेन्द्र देवकोटाले विश्वविद्यालयबाट अध्ययन पूरा गर्दैमा विद्यार्थीले भोलिपल्टदेखि नै उद्योगमा आवश्यक सबै काम गर्न सक्ने अवस्था नहुने बताए । विश्वविद्यालयले सैद्धान्तिक आधार बलियो बनाउने भएकाले उद्योगमा आवश्यक व्यावहारिक सीपका लागि विश्वविद्यालय, उद्योग र सरकारबीच सहकार्य आवश्यक रहेको उनको भनाइ छ । उनले पाठ्यक्रम निर्माणदेखि इन्टर्नसिप, अनुसन्धान, विद्यार्थी परियोजना र रोजगारीसम्मको प्रणालीलाई उद्योगसँग जोड्नुपर्ने बताए । विश्वविद्यालयको अनुसन्धान तथा विद्यार्थी परियोजनामा लगानी बढाउनुपर्ने उनको सुझाव छ ।

त्रिभुवन विश्वविद्यालयअन्तर्गत पद्मकन्या क्याम्पसकी प्राध्यापक भगवती सेढाईले नेपालमा अवसर छैन भन्ने भाष्य निर्माण गरेर युवालाई निराश बनाउन नहुने बताइन् । नेपालमै शिक्षा, सीप र रोजगारीका अवसर सिर्जना गर्न सकिने भन्दै उनले सरकार, निजी क्षेत्र, शैक्षिक संस्था र युवाबीच सहकार्य आवश्यक रहेको बताइन् ।

उनले उद्योगलाई आवश्यक पर्ने जनशक्तिबारे उद्योगी-व्यवसायीसँग छलफल गरेर पाठ्यक्रम निर्माण गर्नुपर्ने बताउँदै अहिले बनेका उद्यमशीलता तथा स्वरोजगारसम्बन्धी नीति व्यवहारमा प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको बताइन् । निजी क्षेत्रलाई सीप विकासमा लगानी गर्न प्रोत्साहन गर्नुपर्ने उनको सुझाव छ ।

संवादमा सहभागी चारै जना वक्ताले शिक्षा र रोजगारीबीचको दूरी घटाउन उद्योगसँग प्रत्यक्ष सहकार्य, व्यावहारिक सीप, इन्टर्नसिप तथा अप्रेन्टिससिपलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिए । उनीहरूले नेपालमा अवसर सिर्जना गर्न सके दक्ष युवा विदेसिने क्रम घटाउन सकिने र विदेशिएका युवालाई समेत स्वदेश फर्कने वातावरण बनाउन सकिने धारणा राखेका छन् ।

## विद्युत् व्यापारमा निजी क्षेत्रलाई सहभागी गराउनुपर्नेमा जोड

**काठमाडौं (प्रस)–** मुलुकमा उत्पादित बिजुलीको बजार विस्तार गर्न निजी क्षेत्रलाई यसमा सहभागी गराउनुपर्नेमा ऊर्जा क्षेत्रका जानकारहरूले बताएका छन् । उनीहरूले विद्युत् बजार विस्तार गर्न नयाँ कानुन आवश्यक नरहेको र विद्यमान विद्युत् ऐन, २०४९ का आधारमा निजी क्षेत्रलाई विद्युत् व्यापारको अनुमतिपत्र दिन सकिने बताएका छन् ।

स्वतन्त्र ऊर्जा उत्पादक संघ नेपाल (इप्पान)ले ललितपुरमा आयोजना गरेको 'नेपाल-भारत ऊर्जा व्यापार: निजी क्षेत्रका लागि अबको बाटो' शीर्षकमा भएको छलफलमा उनीहरूले एउटा निकायबाट मात्र ठूलो परिमाणमा विद्युत् व्यापार सम्भव नहुने भन्दै प्रतिस्पर्धात्मक विद्युत् बजारका लागि निजी क्षेत्रलाई पनि सहभागी गराउनुपर्नेमा जोड दिएका हुन् ।



ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले मुलुकको अपार जलस्रोतको विद्युत् उत्पादनमा अधिकतम उपयोग गर्दै देशलाई आर्थिक समृद्धिको मार्गमा अग्रसर गराउने सरकार क्रियाशील रहेको बताए । उनले यसका लागि निजी क्षेत्रसँग सहकार्य गरेर सरकार अघि बढ्ने बताए ।

मन्त्री श्रेष्ठका अनुसार गत आर्थिक वर्षमा विद्युत् निर्यातबाट २९ अर्ब ३२ करोड रूपैयाँ आर्जन भएको तथा १८ अर्ब रूपैयाँभन्दा बढी खुद बचत भएको छ । अब पूर्वानुमानयोग्य नीति, सक्षम नियमन, निजी क्षेत्रको सहभागिता र प्रभावकारी ऊर्जा कूटनीतिमार्फत मुलुकलाई वर्षभरि विश्वसनीय विद्युत् निर्यातकर्ता बनाइने उनले बताए ।

पूर्वऊर्जा सचिव अनुपकुमार उपाध्यायले निजी क्षेत्रलाई विद्युत् व्यापारको अनुमतिपत्र दिने सम्बन्धमा विगतमा कानुन तर्जुमा गरिएको भए पनि सरकार परिवर्तनका कारण निर्णय हुन नसकेको बताए । नेपाल विद्युत् प्राधिकरणका पूर्वउपकार्यकारी निर्देशक प्रबल अधिकारीले विद्यमान ऐनमा उत्पादित विद्युत् बिक्री तथा आयातसम्बन्धी व्यवस्था रहेकाले त्यसकै आधारमा निजी क्षेत्रलाई व्यापारको अनुमतिपत्र दिन सकिने बताए ।

विद्युत् नियमन आयोगका अध्यक्ष रामप्रसाद धितालले आफ्नो उत्पादनका लागि ग्राहक खोज्न सक्ने प्रावधानयुक्त खुला पहुँचसम्बन्धी निर्देशिका जारी गर्ने तयारीमा आयोग रहेको जानकारी दिए । इप्पानका अध्यक्ष मोहनकुमार डाँगीले विद्युत् व्यापारमा निजी क्षेत्रको प्रवेशले ऊर्जा क्षेत्रमा अवसर सिर्जना हुने बताए ।

**कर्पोरेट**

## प्रोटोनका विद्युतीय एसयुभीहरूमा ग्राहकको आकर्षण

**काठमाडौं (प्रस)–** भृकुटीमण्डपमा आयोजना गरिएको 'नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२६' मा प्रोटोनका विद्युतीय एसयुभीहरूले ग्राहकको ध्यान आकर्षण गरेको पाइएको छ । एक्स्पोमा सार्वजनि गरिएका नयाँ इ-मास ५ का साथै गत वर्ष सार्वजनिक भएका इ-मास ७ प्रति अवलोकनकर्ताहरूले विशेष चासो देखाएका हुन् ।

प्रोटोनको स्टलमा गाडी अवलोकन गर्न र यसका विशेषताहरूको बारेमा बुझ्न तथा मूल्य, स्वामित्व र बुकिङका विकल्पहरूबारे थाहा पाउन ग्राहकहरूको उपस्थिति बढेको कम्पनीले जनाएको छ । 'आधुनिक सहरी जीवनशैलीलाई लक्षित गरी निर्माण गरिएका कम्प्याक्ट इलेक्ट्रिक एसयुभि 'प्रोटोन इ-मास ५' ले आफ्नो रियर-ह्विल-ड्राइभ प्लेटफर्म, सामान व्यवस्थापनका लागि स्मार्ट स्टोरेज सुविधा, १४.६ इन्चको फुल



(एचडी डिस्प्ले युनिट, ३७५ लिटरको बुट स्पेस, बाह्य विद्युतीय उपकरण चलाउन मिल्ने भेहिकल (टु-लोड (भिटुएल) प्रविधि र जि-ट्याक्सन कन्ट्रोल सिस्टमका कारण अवलोकनकर्ताहरूको ध्यानाकर्षण गरेको हो,' कम्पनीले भनेको छ ।

कम्प्याक्ट बनावट र उपयोगी विशेषताहरूसहित प्रोटोन इ-मास ५ नेपालका सहरी सडकहरूमा दैनिक प्रयोगका लागि उपयुक्त सवारीसाधन भएको कम्पनीको दाबी छ । प्रोटोन इ-मास ५ 'प्राइम' र 'प्रिमियम' गरी दुई भेरियन्टमा उपलब्ध छन्, जसको मूल्य क्रमशः ३२ लाख ९९ हजार र ३६ लाख ९९ हजार रूपैयाँ निर्धारण गरिएको कम्पनीले जनाएको छ ।

त्यसैगरी 'प्रोटोन इ-मास ७' ले ग्राहकहरूलाई ठूलो (फुल-साइज) एसयुभीको उत्कृष्ट अनुभव प्रदान गर्ने कम्पनीको भनाइ छ । दैनिक छोटो दूरीका यात्राहरूका साथै एक सहरदेखि अर्को सहरसम्म लामो दूरीको यात्राका लागिसमेत उपयुक्त रहेको बताइएको छ । कम्पनीका अनुसार प्रोटोन इ-मास ७ पनि 'प्राइम' र 'प्रिमियम' गरी दुई भेरियन्टमा उपलब्ध छन्, जसको मूल्य क्रमशः ४९ लाख ९९ हजार र ५९ लाख ९९ हजार रूपैयाँ रहेको कम्पनीको वेबसाइटमा उल्लेख छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ